
ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३२ औं वर्षमा

१०७

## कविता विशेष

पहिलो भाग

कुनै पनि कारोवार गर्दा तोकिएको वस्तु तथा सेवा बाहेक रू. २० लाखभन्दा बढीको कारोबार भएमा मूल्य अभिवृद्धि करमा अनिवार्य रूपमा दर्ता हुनु पर्दछ । मूल्य अभिवृद्धि कर लाग्ने कारोवार गर्दा विल विजक अनिवार्य रूपमा जारी गर्नु पर्दछ ।

"कर तिरी सभ्य नागरिकको परिचय दिऊँ"

# ठूला करदाता कार्यालय

हरिहरभवन, ललितपुर

"हामीले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र समृद्ध नेपाल निर्माणका लागि"

# चौतारा साँगाचोकगढी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।

# नवप्रज्ञापन

पूर्णाङ्क : १०७, माघ–चैत्र २०८१

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
गगनदीप सर्व

**सह-सम्पादक**
प्रमोद पाण्डे

**प्रबन्ध-सम्पादक**
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
रामप्रसाद अधिकारी
भवानी तावा
देवकरण माझी
जनार्दन खनाल
डा. टीकाराम उदासी
जंगबहादुर यादव
रामधारी यादव
सुनिल कुमार
मधुसूदन चौधरी
राजु अधिकारी
बद्रीप्रसाद ढकाल
शरद प्रधान
डा. छायादत्त न्यौपाने
डा.पुष्करराज भट्ट
डा. रमेश शुभेच्छु
उमेश रिमाल
भीम खकुरेल

**मूल्य : १००/-**

कार्यालय: स्वाभिमानवस्ती जीतपुर–सिमरा उपमहानगरपालिका–१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. कमल अधिकारी, काभ्रे, १०८. जीवनाथ ढकाल, धादिङ, १०९. प्रतीत रिजाल, बारा, ११०, शिवकुमार धिताल, धादिङ ।

**सम्पादकीय**

# राष्ट्रिय एकताका प्रवर्तक

जहाँ देश हुन्छ त्यहाँ जनता हुन्छन् । जहाँ जनता हुन्छन् त्यहाँ देश हुन्छ । युगनायकको जन्मपछि मात्र सबल र सशक्त मुलुक बन्ने प्रक्रियाले गति लिन्छ । विश्वभर चलेको रीत यही हो । युगनायक सधैँ परिवर्तनका पक्षधर हुन्छन् । सुखी जनता र बलियो राष्ट्र उनको सपना हुन्छ । इतिहास बुझ्न इतिहासमै पुग्नुपर्छ । उनीहरूले सपना देखेपछि हिँड्ने बाटो तय भएको हो । हामीले देखेका छौँ निर्माण र विघटन कहिल्यै स्थायी हुँदैनन् । बन्ने र भत्कने क्रमले निरन्तरता पाइरहेछ । विश्व इतिहासले पढाएको पाठ वा बुझाएको यथार्थ यही हो । युगनायकहरू एउटा कालखण्डमा जन्मन्छन् र देश तथा जनताका नाममा आफूलाई समर्पण गरेर आएकै बाटो लाग्छन् । आँखा अगाडि नभए पनि ती लामो कालखण्डसम्म जनताको मन मुटुमा बसिरहन सफल हुन्छन् ।

संसारकै इतिहास साक्षी छ, देश बनाए पछि मात्र बन्छ । आफैँ कहिँकतै बन्दैन र बनेको पनि छैन । यसका लागि युगनायकले सपना देख्नुपर्छ । अर्थात यस्तो काम सपना देख्नेहरूले मात्र गर्न सक्छन् । सुत्दैमा सपना देखिन्न । सपना देख्नका लागि अगाडिको संसार बुझेर आफूलाई बिर्सन सक्नुपर्छ । मनमा कल्पना उमार्न सक्नुपर्छ । भावना हुर्काउन सक्नुपर्छ । एउटा यथार्थ के भने कर्म गरे सफलता टाढाको वस्तु हैन । चाहने हो भने ढिलो वा चाँडो प्राप्त गर्न सकिन्छ । नेपाल बनाएकै कारण बनेको हो । आफैँ बनेको हैन । इतिहासका विविध कालखण्डमा नेपाल देश बनेको र विघटनमा परेको पढ्न-सुन्न पाइन्छन् । समय समयमा टुक्रिएको र जोडिएको थाहा हुन्छ । पछिल्लो पटक टुक्रिएको नेपाललाई युगनायक पृथ्वीनारायणले जोडेका हुन् ।

पृथ्वीनारायणले सपना नदेखेका भए पनि हामी हुन त हुन्थ्यौ होला तर कुन रूप र कुन परिचयमा हुन्थ्यौँ त्यो चाहिँ भन्न सकिँदैन । नेपाली चाहिँ पक्कै हुने थिएनौँ यो कुरामा कुनै शङ्का छैन । आफू आफैँ भएर इतिहासका पाना पल्टाउँदा यो छर्लङ्ग हुन्छ । पृथ्वीका मनमा इच्छा शक्ति जागृत भएकै कारण आज हामी नेपाली नामका साथ बाँच्न पाएका हौँ । नेपाली भएकैले कसैको दासत्व स्वीकार्नु नपरेको हो । यति मात्र नभएर संसारमा हाम्रो शिर सगरमाथाझैँ अग्लिएको हो । हाम्रो परिचय सगरमाथा जस्तै विशाल हुन सकेको हो ।

आज हामी बाँचिरहेको यति सुन्दर र गौरवशाली देश निर्माण गर्ने गराउने, टुक्राटुक्रामा विभाजित भूगोललाई एकताको साङ्लोमा जोड्न दिलो ज्यानले लाग्ने अग्रज र उनीहरूका योगदानप्रति हामीले

न त मस्तक हुनैपर्छ । नभए कृतघ्नभन्दा पनि महाकृतघ्नको कोटीमा पर्नेछौँ। सुतिरहेका हामीलाई जसले वौरायो, सपना देखायो, देशभक्तिको पाठ पढायो, हिँडे मात्र गन्तव्यमा पुग्न सकिने यथार्थ बोध गरायो र पराधीन हुनबाट जोगायो त्यस्ताहरूका गुन बिर्सन हुँदैन। गुन बिर्सनु आफैँलाई बिर्सनु सरह हो। हामीले यस्तो धृष्टता गर्नु हुँदैन। देश बनाउन अग्रसर हुनेहरूप्रति त्यो देशका हरेक नागरिकहरू कृतज्ञ हुनु आवश्यक छ। हामीभित्र त्यस्तो कार्यका लागि खटेका नायकमाथि अझ धेरै आस्था, विश्वास र भरोसा हुनु आवश्यक छ।

पृथ्वीनारायण नेपाली राष्ट्रिय एकताका प्रतीक हुन् । उनी नभएका भए आज तपाईं हामी यो अवस्थामा पक्कै हुने थिएनौँ। सकारात्मक सोचका साथ विश्व र नेपाली इतिहासका पाना पल्टाएर तत्कालीन अवस्था मनन गर्दा यसो भन्ने आधार प्रशस्त भेटिन्छन्। आज बुझ्न हिजोको सहायता आवश्यक छ । त्यसो गरे मात्र आजलाई बुझ्न सकिन्छ। भनिन्छ गर्ने भन्दा गराउने महान हुन्छन् । नेपालको एकीकरण पृथ्वीनायणको नेतृत्वमा भएको हो । यही कारण यसको जस उनको थाप्लोमा जान्छ। पृथ्वी जयन्ती मनाउनुको अर्थ नेपालको एकीकरणमा तन मन र धनले लागेका समस्त योद्धाहरूको सम्मान गर्नु पनि हो। तिनै योद्धाहरूका कारण नेपालीले कसैका दासता स्वीकारेर पञ्जामा पर्नु परेन । यो यथार्थ आत्मसात गर्दा पनि पृथ्वीजयन्तीको विशिष्ट महत्त्व रहेको पुष्टि हुन्छ।

पुष २७ गते देशले ३०३ औँ पृथ्वीजयन्ती मनायो । पृथ्वीनारायण नेपाली राष्ट्रिय एकताका प्रतीक हुन। उनले गरेको काम व्यक्तिगत स्वार्थका लागि थिएन । पश्चिम बंगालबाट व्यापारको निहुँमा प्रवेश गरी त्यहाँका थुप्रै राज्य रजौटाहरूलाई आफ्नो वशमा पारिसकेको इष्टइण्डिया कम्पनीबाट हामी त्यसै बच्न सक्ने कुरै थिएन । यही यथार्थलाई आत्मसात गरेर उनले नेपाल एकीकरण अभियान चलाएर सम्पूर्ण नेपालीलाई एकसूत्रमा बाँध्ने काम गरेका थिए। उनैका कारण हामी आजको स्थितिमा आइपुगेका हौँ।

नवप्रज्ञापन पूर्णाङ्क १०७ 'कविता विशेष पहिलो भाग'का रूपमा प्रकाशित भएको छ । यहाँ ५८ थान कविता सङ्गृहीत छन् । असल नियतका साथ केही पुराना कविता विभिन्न पुस्तकबाट साभार पनि गरिएका हुन्। यसो गर्दा पुराना पुस्ताका रचना सहजताका साथ नयाँ पुस्तामा पुग्ने हाम्रो ठम्याई छ। रचना सङ्कलनमा गगनदीप सर्वको विशेष मेहनत छ । बद्रीप्रसाद ढकालको पनि बलियो साथ सहयोग छ । यति महत्त्वपूर्ण योगदानका लागि उहाँहरू सहित आआफ्ना महत्त्वपूर्ण रचना उपलब्ध गराउनु हुने सम्पूर्ण स्रष्टाहरूप्रति नवप्रज्ञापन परिवार आभार व्यक्त गर्दछ।

# हार्दिक बधाई



सुदिपराज रिजाल

बारा जिल्लाको जितपुर–सिमरा उपमहानगरपालिका वडा नं १६ स्वाभिमाबस्तीका स्थायी बसोबासी **श्री सुदिपराज रिजाल** काठमाडौँको अन्नपूर्णमार्ग, असनमा लुक सी इन्टरप्राइजेजका प्रोप्राइटर हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट 'पाठ्यक्रम र मूल्याङ्कन' विषयमा स्नातकोत्तर गर्नु भएका उहाँले झण्डै एक दशक स्कुल/कलेजमा अध्यापन गर्नु भएको थियो । भाषा साहित्य र संस्कृति देशको अमूल्य गहना हुन्, तसर्थ यसको संरक्षणमा राज्य गम्भीर बन्नुपर्छ भन्ने सोच राख्नुहुने उहाँ यही अङ्कबाट नवप्रज्ञापनको विशिष्ट सदस्य बन्नु भएको छ । साहित्यिक कर्मलाई महत्त्व दिई विशिष्ट सदस्य बन्नु भएकामा नवप्रज्ञापन परिवार यहाँको उत्तरोत्तर प्रगतिका निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# रचनाक्रम


– अविनाश श्रेष्ठ/७
– अली मिया /८
– आर. आर. चौलागाईं/९
– आरएम डङ्गोल/९
– उषा शेरचन/१०
– किशोर पहाडी/११
– कृष्ण बाउसे/१२
– कृष्ण सेन 'इच्छुक'/१३
– कृसु क्षेत्री/१५
– केशव थापा/१६
– केदारमान व्यथित/१७
– क्षितिज मगर/१९
– क्षेत्रप्रताप अधिकारी /२०
– गगनदीप सर्व/२१
– गगन विरही/२२
– गोपालप्रसाद रिमाल/२२
– चक्रपाणि चालिसे/२४
– छविरमण सिलवाल/२५
– जङ्गबहादुर यादव/२६
– जनार्दन खनाल/२७
– टङ्क उप्रेती/२८
– तीर्थ श्रेष्ठ/२९
– डा. दामोदर पुडासैनी किशोर/३०
– दिलीप श्रेष्ठ/३१
– दुबसु क्षेत्री/३२
– धरणीधर कोइराला/३३
– नकुल सिलवाल/३४
– पूर्ण वैद्य/३५
– भानुभक्त आचार्य/३६
– भीमदर्शन रोका/३७
– भीष्म उप्रेती/३७
– भूपि शेरचन/३८
– महानन्द सापकोटा/३९
– मञ्जुल/४१
– राष्ट्रकवि माधवप्रसाद घिमिरे/४१
– मौन आवाज/४२
– यदुनाथ पोखऱ्याल/४३
– यम रेग्मी/४४
– युद्धप्रसाद मिश्र/४४
– रमेश श्रेष्ठ/४५
– राजु अधिकारी/४६
– महाकवि लक्ष्मीप्रसाद देवकोटा/४७
– कवि शिरोमणि लेखनाथ पौडेल/५२
– वसन्त रिजाल/५३
– वासुदेव अधिकारी/५४
– विजय मल्ल/५६
– विनय रावल/५६
– विनयकुमार शर्मा नेपाल/५७
– विनोदविक्रम केसी/५८
– विमल भौकाजी/६१
– विवश पोखरेल/६१
– विश्वविमोहन श्रेष्ठ/६३
– शम्भुप्रसाद गजुरेल/६५
– सरुभक्त/६६
– स्नेह सायमी/६८
– साम्ब ढकाल/६९
– सिद्धिचरण श्रेष्ठ/७०
– सन्त ज्ञानदिल दास/७१


**बजारमा नयाँ पुस्तक**


- संयोजक प्रतीक्षा रिजाल/७१

# ओ कवि !



– अविनाश श्रेष्ठ

ओ कवि !
चल्नलाई त तिमीबिना पनि चलि नै रहने छ दुनियाँ
एस्काभेटर माफियाहरूले झिकिरहने छन् नदी खोलाबाट बालुवा
र प्रकृति दिनदिनै तय गरिरहने छिन्
कुरूपताको भयावह यात्रा भक्कानिदै .........।
चिडिमारहरूको जत्था जाल, गुलेली र पासोका
अनेकन आयुधहरू बोकेर
दिइरहने छन् कुनै बूढोमान्छेको पातलिँदै गइरहेको
कपाल जस्तो जङ्गलभित्र
अनि पखेटाधारी पंक्षीहरूका केही प्रजाति
हेर्दाहेर्दै विलुप्त हुने छन् संसारबाट ।
हुनलाई तिमीबिना पनि चलिनै रहने छ यो दुनियाँ
बिनाप्रतिवाद, बेरोतोक, बिना अवरोध
तर शब्दहरूले इन्कार गर्ने छन् गीत बन्न
कवितामा आकारिन इन्कार गर्नेछन् शब्दहरूले
रूपान्तरित हुन मृदुल भावहरूमा
संरचित हुन प्रतिरोधका मारक मन्त्रहरूमा
शब्दहरूले आपत्ती जनाउने छन् पक्कै पनि
तिम्रो अभावमा ओ कवि !
ओ कवि !
चल्नलाई त तिमीबिना पनि चलिरहेकै हुने छ दुनियाँ
तर संवेदनाशून्य
प्रतिवादबिहीन
कला र शिल्पको सौन्दर्यबाट बिमुख
श्री र सपनाबाट बञ्चित
साँच्ची !
कला र शिल्पबिहीन संसार कस्तो देखिएला ?

प्रतिरोधको सौन्दर्यबिनाको संसार कस्तो हुने होला ??
रूखहरूबिनाको जङ्गलजस्तो ?
गिटी, बालुवा र ढुङ्गाबिनाको नदी खोलाजस्तो ?
पुतली, जुनकिरी र मृगहरूबिनाको पृथ्वीजस्तो ?
चराचुरूङ्गीबिनाको आकाशजस्तो ? कस्तो ?
कस्तो ??
कस्तो ???
ओ कवि !
चल्नलाई त तिमीबिना पनि
चलिनै रहने छ यो दुनियाँ !

# करिमै विचारेँ मैले



– अली मिया

करिमै विचारेँ मैले चारकुने चौतारी चिनेर
नकरा बनका न्याउली तँभन्दा म छु नि उराठ ।
वनको सिठो घट्टको पीठो मागेको खुर्सानी
बाटो छ वनको चल्द छ रन्को कसरी बिर्सनी ।
दाजु र भाइ छिमेकी मित्र सब देख्छु अँध्यारा
सुख र दुख को सित पोखूँ बोल्दैनन् सँध्यारा ।
समयको हुरी बतास ठूलो रूख माथि
बढे बढे मुढा पनि पोले पछि माथि ।
ओगटेर राखिएको जुन चाहिँ बाँझो
वे ओतनको गरीबको हुनुपर्छ साझो ।
जहान हेरी बाढीदिए उद्योग गरी खाउँला
सब दिन प्रभूज्यूको जय मनाईरौंला ।
कहत पारी स्वदेशभरि बलि रहेछ सिठ्ठो
खोजिकन पाउने छैन मोहर मानो पीठो ।
जमिन हेरी तिरो लागोस् गरीबैले पाओस्
सरकारको कोष पनि फुल्दै फल्दै जाओस् ॥
वर्ष दिनको एक फेरि मान्नुपर्दा दशैं
पीर मात्र कहाँ हो र सर्नु पर्छ बसैं ॥
दशैं आयो तिहार आयो सबको घरमा मासु
गरीबको नजरमा मोति जस्तो आँसु ॥

# लाश र फोटो



– आर. आर. चौलागाईं

उसको अगाडि लाश छ
तर ऊ ङिच्च हाँसिरहेको छ
कृपया ! उसलाई डिस्टर्ब नगर्नुहोला
किनभने यतिबेला ऊ फोटो खिचिरहेको छ ।
अब ऊ चिया वा भट्टी पसलमा जाने छ
साथीभाइहरूलाई त्यो फोटो देखाउने छ
र भन्ने छ– हेर त !
यो लुगा मलाई कत्तिको सुहाएको छ ?
अनि फेरि भन्ने छ–
"यो फोटोलाई ठूलो बनाएर
घरको मिटिङ रूममा टाँग्ने विचार छ ।"
फोटो हेर्दै साथीभाइहरूले पनि उसलाई भन्ने छन्–
"लु बधाई छतिमी पनि अब ठूलो मान्छे भयौ
ठूलै मान्छेको लाशसँग फोटो खिचेका रहेछौ
अब एकाएक तिम्रो नम्बर बढ्ने छ
र पार्टीमा तिम्रो प्रमोशन हुने छ ।"
त्यसपछि ऊ हौसिने छर साथीभाइहरूलाई
चिया वा रक्सी थपीथपी खुवाउने छ ।

# तर्कातीत दिक् काल



– आरएम डङ्गोल

घुम्दै फनफनी
छरिँदै पोखिएर, घेरिदै पग्लिएर
निरूपाय
साँझ
यही वस्तीमा बास माग्न आइपुगेको छ
अँध्यारो
यतै छाडेर
बिहानै
ऊ, उज्यालोको लिपपोत गर्दै
अन्तरमा पीडा लुकाउँछ
र, डिलडिलमा, धुरीमा मुस्कुराउँछ
अनन्त आकाशको एउटा रङ बोकेर
घरी उज्यालो

र, घरी अँध्यारो भैदिनुपर्ने
कसैको लागि वरद आशीर्वाद
र, कसैको लागि श्रापको सँजायको
भाषा बोलिदिनुपर्ने
आँगनमा फनफनी घुमेर
अँगेनुमा आफैलाई रूँघेर
यसरी यति लामो यात्रामा निस्कँदा पनि
आफनो अघि कोही भएनन्
पछिल्तिर कोही छैनन्
यसरी ताराहरूको जग थामेर
म, एउटा घाम
जूनलाई उज्यालोको बर्को ओढाउँदै
परम्परित
धर्मादेशको व्याकरण पढाइरहेछु
अर्को दिन
वा पछिल्लो रात फेरि सुनाउँनुछ
कोलाहलको उत्साहमय गीत
र, सन्नाटाको निराशामय कथा
यो बनिबनाउ थिएटरमा

यसरी मेरो उपस्थिति भन्नु
यतै, यसरी नै बजिरहेको
क्षण प्रतिक्षणको जनाउ घण्टी रहेछ
तर्कातीत दिक् काल ।

# कुरूप समय



– उषा शेरचन

बिन्ती नदेखाउ भो
हेर्न सक्तिनँ म
यस्ता हृदयविदारक तस्बीरहरू
जसले आमाको कोमल हृदयलाई
पगाल्छ मात्रै ।
बिन्ती नसुनाउ भो
सुन्न सक्तिनँ म
यस्ता मानवताहीन खबरहरू
जसले आमाको कोमल हृदयलाई
चुँडाल्छ मात्रै ।
रगत र मासुले नभइ
ढुङ्गा र माटोले बनेको
ओ ! नरभक्षीहरू ।
सोच र विवेकले नभइ
फलामले बनेको
ओ ! संवेदनहीन रोर्बटहरू ।
नबर्षाउ त्यसरी आगोका बर्षाहरू
निर्दोष कोपिलाहरू माथि
नझार त्यसरी बमका गोलाहरू
कलिला फूलहरू माथि ।
कलिला फूलका घाँटी निमोठ्दै हिँड्ने
ओ ! पागलहरू
कतिलिन्छौ यसरी मातृत्वको परीक्षा ?
आमाका कोखहरूमा खिल्ली उडाउने
ओ ! दानवहरू
कति घोट्छौ यसरी मानवताको गला ?
आमा हुनुको अनन्त
पीडा पनि कति खप्नु अब ?

मानव हुनुको असीमित
लज्जाबोध पनि कति गर्नु अब ?
बरू आमा हुनै अस्वीकार गर्छु म
यो घिन लाग्दो समयमा
बरू सन्तान जन्माउनै अस्वीकार गर्छु म
यो निष्ठुरी समयमा ।
अनि नारी बिनाको यो संसारमा
चाहे राज गर या राजनीति
चाहे सत्ता खोस वा सिमाना ।
ओ ! कुरूप समय
सक्छौ भने
यात बन्द गर हिंसाका
यस्ता क्रुर गतिविधहरू ।
ओ ! कुरूप समय
सक्छौ भने
समाप्त पार शक्तिका
यस्ता नृशंस खेलहरू ।
यदि
सक्तैनौ भने
कित बन्द गरिदेउ
आमाका धड्कनहरू
वा
सिलाई देउ
आमाका पाठेघरहरू !
सिलाई देउ
आमाका पाठेघरहरू !

# देश एउटा ठूलो आकाश हो



– **किशोर पहाडी**

देश ठूलो आकाश हो
जहाँ केही ताराहरू अन्धकारमा सुत्ने गर्छन्
जहाँ केही चराहरू गुँडमा लुक्ने गर्छन्
केही चराहरू निस्फ्रिक्री उड्ने गर्छन्
- देश यस्तै एउटा ठूलो आकाश हो ।
बादलका टुक्राहरू पनि छन् केही -
- मेघ गर्जला-गर्जलाजस्तो
- पानी पर्ला पर्लाजस्तो
तर हावा आउँछ/बढारिन्छन्
सुस्तरी चारैतिर फेरि,
नीलो आकाश बाँझोको बाँझै रहन्छ;
खेतका गराहरूको आशा आशै रहन्छ ।
- मेघ यहाँ कहिल्यै गर्जंदैन,
-पानी यहाँ कहिल्यै पर्दैन,
बादल केवल बादल हुन्छ
कहिल्यै पग्लंदैन त्यो
- देश यस्तै एउटा ठूलो आकाश हो ।
देश यस्तै एउटा आकाश हो

आकाश जत्तिकै टाढाको चिज हो,
पहाडले त्यसलाई कहिल्यै छुन सक्दैन
रूखले त्यसलाई कहिल्यै भेट्न सक्दैन
चिच्याउँछन्/कहालिन्छन् तिनीहरू
तर देश आकाश हो
- आकाशजत्तिकै टाढाको चीज हो,
त्यहाँ कसैको आवाज सुनिंदैन
- पहाडको पनि
- रूखको पनि
झन यी त जनता हुन्
जनताहरू निरीह हुन्छन्
जनताको आवाज मसिनो हुन्छ,
त्यहाँ त्यो आवाज सुनिंदैन,
किनभने देश एउटा यस्तै टाढाको आकाश हो ।
देश एउटा ठूलो आकाश हो ।

# छाउगोठ




– **कृष्ण बाउसे**

भोटका भोगीहरूले
मुस्मुन्द्रे पाराले त्यसको पक्षपोषण गर्न छाडिसक्थे
गै.स.स.का चतुरेहरूले
त्यसका तस्विरहरू खिच्न छाडिसक्थे ।
तिमी त्यहाँ बस्नुपरेको भए
त्यसलाई बाले नै उहिल्यै भत्काइसक्थे
र आमाले नै उहिल्यै
काठजति चुलोमा लगेर बालिसक्थिन्
र ढुङ्गाजति फोडेर गिटी बनाइसक्थिन् ।
पत्याएनौ ? मेरो जननेन्द्रियले
ममा गर्भाधान हुनसक्ने
न्यूनतम् योग्यता पुगेको सूचना दिनासाथ
म त्यहाँ जानै परेजस्तै
तिम्रो जननेन्द्रियले गर्भाधान गर्न सक्ने
न्यूनतम् योग्यता पूरा गरेको सूचित गर्नासाथ

तिमी पनि छाउगोठ गएर बसिहेर त !
मेरो प्यारो भाइ ! म ठोकुवा गरेरै भन्छु
- बलि दिने प्रथामा रोक लाएपछि मन्दिर दुर्गन्धित नभएझैँ
- व्यवस्थापनको चेत आएपछि सहरमा फोहोर नरहेझैँ
- स्वच्छ उर्जाले बहान चलेपछि बाटोमा धुँवाको सत्ता ढलेझैँ
भोलिपल्टै रहने छैन छाउगोठको नामोनिसान
र शब्दकोशबाटै हराउने छ छाउगोठ भन्ने शब्द ।

# जेल



– कृष्ण सेन 'इच्छुक'

म पर्खालभित्र छु
तिमी पर्खालबाहिर छौ
म पहराभित्र छु, तिमी पहराबाहिर छौ
म यातना–गृहमा छु
तिमी खुल्ला शिविरमा छौ
सिकारीले बाँधेको छाँद होस्
अथवा त्यो उसको फाँद होस्
के फरक पऱ्यो र ?
मित्र, अर्काको मुठीभित्र पराधीन जिन्दगी
जहाँ काट्नुपरे पनि त्यो जेल हुन्छ

जहाँ जीवन बन्धनहरूभित्र कैद हुन्छ
जहाँ सुन्दर सपना सधैं अवैध हुन्छ
जहाँ मुक्त आकाङ्क्षाहरू बन्देज हुन्छन्
जहाँ हार्दिक भावहरूमा ठेस लाग्छ
अनि जहाँ बासी हावा बहने दुर्गन्धमा पनि
निर्धक्क सास फेर्न प्रतिबन्ध हुन्छ
बन्दुकको पहरा होस्
अथवा त्यो कानुनको घेरा होस्
के फरक पऱ्यो र ?
मित्र, भयभीत परिवेशमा त्रसित जिन्दगी
जहाँ बाँच्नुपरे पनि त्यो जेल हुन्छ

जहाँ बेला–कुबेला रमन घुमिरहन्छ
जहाँ कारण–अकारण साइरन बजिरहन्छ

सडकमाथि बेलगाम घोडाको टापजस्तै
जहाँ चर्को आवाज गरी मार्च-पास चलिरहन्छ
अनि जहाँ मौसम बेमौसम बारूदहरू गर्जेर
सधैं रगतको झरी परिरहन्छ
पर्खालभित्र होस्
अथवा त्यो पर्खालबाहिर होस्
के फरक पर्‍यो र ?
मित्र, सधैं छातीमा चाँदमारी थापेको जिन्दगी
जहाँ गुजार्नुपरे पनि त्यो जेल हुन्छ

उही दिन सधैं, उही रात सधैं
उही बिहान र साँझ साथ छ
उही स्वप्नभङ्ग विवश जिन्दगी
उही गतिहीन समय साल छ
निकासबिनाको बन्द तालजस्तै
जहाँ गन्दा समाजसाथ अँधेरो बास छ
कुनै अनाम देश होस्
अथवा त्यो प्रिय स्वदेश होस्
के फरक पर्‍यो र ?
मित्र, उत्पीडित समाजमा पददलित जिन्दगी
जहाँ बिताउनुपरे पनि त्यो जेल हुन्छ ।


**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**

## काठमाडौँ उपत्यका विकास प्राधिकरण

**अनामनगर, काठमाडौँ**

### अवैध प्लटिङ्ग सम्बन्धमा

काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिम गठित काठमाडौँ उपत्यका विकास प्राधिकरण सञ्चालक समितिको मिति २०८०/१०/१२ को सञ्चालक समितिको बैठकबाट "स्थानीय पालिका, सम्बन्धित नापी एवं मालपोत कार्यालय समेतको सहयोगको आधारमा अनधिकृत प्लटिङ्ग क्षेत्र एकिन गरी उक्त क्षेत्रमा संरचना निर्माण एवं कित्ताकाटमा रोक लगाई सम्बन्धित पक्षलाई योजना अनुमतीको दायरा भित्र आउने वातावरण तयार गर्ने । रोक लगाएको विवरण आवश्यक कार्यार्थ सम्बन्धित मालपोत एवं नापी कार्यालयलाई लेखि पठाउने र सोको जानकारी सम्बन्धित पालिका एवं अन्य सरोकारवालाहरू समेतलाई दिने" भन्ने निर्णय भएकोले काठमाडौँ उपत्यका भित्रका कुनै पनि स्थानहरूमा अवैध प्लटिङ्ग भए/गरेको यहाँहरूसँग सूचना एवं जानकारी भएमा उक्त विषय समेटी काठमाडौँ उपत्यका विकास प्राधिकरण, अनामनगर एवं यस अन्तर्गतका जिल्ला आयुक्त कार्यालयहरू काठमाडौँ, ललितपुर र भक्तपुर कार्यालयमा उजुरी गर्न हुन अनुरोध गरिन्छ । यस सम्बन्धमा उजुरीकर्ताको नाम गोप्य राखि आवश्यक कारवाही प्रक्रिया अघि बढाइने व्यहोरा समेत सबैको जानकारीका लागि अनुरोध छ ।

# सत्य नजरबन्द भएको समय




– कृसु क्षेत्री

सत्य नजरबन्द भएको समय
कालोमा अनुवाद हुँदै गएको छ आकाश
ग्यासच्याम्बरबाट फैलँदै छ विषाक्त हावा
घोडामाथि चढेर नेविनका फोसिलहरू
अट्टाहास हाँसिरहेछन् लासमाथि
मानौँ
सदाका लागि कैदमा राखेका छन् सत्यलाई !
झनै घनीभूत हुँदै छ रात
इरावदीसम्म फैलिएको छ रगतको भेल
सङगिन बोकेर नेविनका फोसिलहरू
उन्मुक्त बाँचिरहेछन् ताण्डव
गाउँदै अँध्याराको गीत
मानौँ
हत्केलामा छोपेका छन् उज्यालोलाई !
हराउँदै गएको छ आस्था
आफन्तसम्मै झाँगिएको छ सन्त्रासको जरा
विद्रोहमाथि टेकेर नेविनका फोसिलहरू
तयारीमा छन् भयानक युद्धको
आफ्नै मृत्युको शोकधुनमा रमाउँदै
मानौँ पर्खालले छेकेका छन् विचारलाई !
तर बन्धनको बिरूद्धमा
जब थुप्रँदै जान्छ असन्तोषको थुप्रो
गाउँगाउँमा गाइनेछन् उन्मुक्तिका गीतहरू
जब बढ्दै जान्छ विद्रोहको प्रसवव्यथा
कान्तिको बुद्ध जन्माउँदै जानेछन्
स्वेडागौँ फोयाहरू र, निरङ्कु जुन्ताका
विरूद्धमा जन्मन्छन् सत्यका सुकीहरू
हुर्कन्छन् विचारका सुकीहरू
फैलन्छन् आस्थाका सुकीहरू
मात्र पर्खनुपर्छ समय
एक दिन शङ्खघोष गर्दै
एउटा यस्तो भूकम्प आउने छ
-भत्काउने छ सबै दमनहरू

एउटा यस्तो पहिरो आउने छ
-बगाउने छ सबै अन्यायहरू
एउटा यस्तो हुरी आउने छ
-चुँडाउने छ सबै बन्धनहरू !
सत्य नजरबन्द भएको यस बेला
उज्यालो भ्रुण बन्दै छ रातको गर्भाशयमा
धराशयी हुँदैछन् पर्खालहरू
मक्किँदै छन् फलामे जञ्जिरहरू
एकै स्वरमा बिहान बास्न
सिउर ठाडो पार्दैछन् भालेहरू
मुर्दाघरमाथि बनाएका ढुगाका प्रतिमा फोरेर
उम्रँदैछन् पीपलका बोटहरू
र
नजरबन्दभित्रबाट आएको सानो आवाजसँगै
बुलन्द हुँदै गएको छ इन्कलाबको आवाज ।

# नानीहरूका कविता



– **केशव थापा**

जब यही बाटो भएर
स्कुल जाने नानीहरू देख्छु
याद आइरहन्छ
आफ्नै सपनाको इन्द्रेणी ।
कति निर्दोष छन् उनीहरू
कति निर्दोष छ उनीहरूको रङ
कति प्रिय छन्
उनीहरूका फूलजस्ता आँखाहरू
कति दिव्य छन् भविष्य बोक्ने
नानीहरूका कोमल काँधहरू ।
चरीका पखेटा जस्ता
नानीहरूका औँलाले
आकाशलाई क्यानभास बनाएर
जब त्यसमा सजाउँछन् बुद्धको चित्र
कतिप्रिय लाग्छ त्यो पल ।
अक्षरजस्ता पाइतालाका हरेक डोबले
जब नानीहरू लेखिरहन्छन्
जिन्दगीका हेड न्युजहरू
कति पृय लाग्छ त्यो पढ्न
आकाश उड्ने चरा हुन् नानीहरू
भीरमा उम्रने जरा हुन् नानीहरू ।
मनमा एउटा र मुखमा अर्को
गठबन्धन हुँदैन नानीहरूको
सिंहदरबारभन्दा प्रिय लाग्छ
नानीहरूलाई आफ्नै बालुवाको घर ।
ए मान्छेहरू तिमी
कहिले नानी बन्छौ ?

# प्रेम : त्यसको बहुआयामिक रूप



– **केदारमान व्यथित**

कहिल्यै पनि धमिरा नलाग्ने
जरामा पनि प्राप्त नहुने निरन्तर
मानसिक पुष्प भने फक्रिरहने
कल्पद्रुम हो प्रेम ।
एक शब्द पनि नबोली मौनबाटै
नरनारीका मनमा
आफ्नो अस्तित्वको आभास उत्पन्न गर्न सक्नु
प्रेमको विशेषता हो ।
प्रेमलाई विश्वजीवनदर्शनकै रूपमा
प्रतिष्ठा प्राप्त हुन सके
'संसार सतमै आधारित छ' लाई
बढी बल प्राप्त हुनेछ ।
प्रेम सङ्क्रामक हुन्छ
भनेमा अत्युक्ति हुने छैन,
यसकारण कि त्यसको सङ्क्रमण क्षमता
सार्वभौम सिद्ध भएको छ ।
प्रेमको वासस्थान मुटु भएरै त
त्यसको स्वभाव संवेदनशील भएको ।
सजिलैसँग समस्त सृष्टि आफूभित्र
अटाउन सकेको दिन स्वयम पनि प्रेममै
लय भइसकेको ठाने हुन्छ ।
पूर्णता प्राप्त भइसकेको प्रेम सम्मुख पर्दा
धारिला शस्त्रास्त्रहरू पनि बिनापाइनकै
प्रमाणित भएका छन् ।
रूप सम्पन्न, मन विपन्न छ भने
त्यस्तो व्यक्ति उपयुक्त हुँदैन
प्रेमका लागि ।

सारांशमा भन्ने हो भने
भएभरकै मनका फोहोरहरू
पखालिरहने विरेचन पनि हो प्रेम ।
प्रेमको आरोहण गर्ने गरेको
अभिव्यक्ति-सोपानकै
सिँढी त हुन् नि रस-माधुर्य-आलोक ।
प्रेम त्यस्तो गणित हो जसको पहिचान
भाजक भाजित-भाज्याका सहयोगबिना
आफैँ प्रस्तुत भइरहेको हुन्छ ।
प्रकृति-पुरूषका बिचको प्रेम-संसर्गबाटै त
कालप्रवाह निर्माणमुख हुने गरेको ।
प्रेमले आफ्नो उपस्थिति
जनाइरहेकै हुन्छ
स्वागत मुस्कानबाट, हर्षाश्रुबाट,
मधुर आलापबाट, आलिङ्गनबाट ।
दिन सिवाय
लिन नजानेको प्रकृति भएरै त
प्रेम अधिक यशश्वी भएको ।
आकार त प्रेमको पनि हुन्छ,
तर त्यसलाई अनुभूतिकै
आँखाबाट मात्र देख्न सकिन्छ ।
प्रेम त प्राणीजगतकै माध्यमबाट
कहिले उल्लासमा त
कहिले अवसनदमा प्राप्त भइरहेकै हुन्छ ।
जति खर्च गरे पनि
न्यून भने कहिल्यै नहुने
मुटुकै ऐश्वर्य हो प्रेम ।
रससम्पन्नता प्रेमको स्वभाव भएरै त
मेघमालासदृश पग्लिरहने गरेको त्यो ।
बलिदान पश्चात पनि बाँचिरहन्छ,
प्रेम त सार्वजनिन मनमा,
मस्तिष्कमा, वाणीमा ।

# न्याहु



– क्षितिज मगर

प्रिय !
म उभिन्छु- "नोकोबाङ्गे"का अग्रभागमा "मुलथाङ्गे" बनेर
तिमी उभिऊ- "नोकाबाङ्गेनी"का अग्रभागमा "मुलथाङ्गेनी" बनेर
तिमी पछ्यौरी हल्लाएर नाच्नु प्रिय !
म खुकुरी चम्काउँदै छेउमै नाच्छु प्रिय !!
जहाँ, खुशीले धरती जगमगाउनेछिन् सधैँ ।
प्रिय !
हामीले गाउनुछ सँगसँगै-
अमर जीजिबिषाका सुन्दर न्याहुभाका
अनमोल सपनाहरूका उदात जीवनभाका
र, नाच्नुछ सँगसँगै-
आदिम मगराती सभ्यताका सम्झनामा
प्राचीन थात- थलो र पुर्खाका सम्झनामा ।
प्रिय !
पुगेर सँगसँगै जलजलाका पाखापखेरी
टिप्नुछ- "रथ बिरथ"का पवित्र "वइ"
फर्कँदा अर्को दिन
प्रेमका नयाँ डोको भरि भरि
बहुरंगी पुष्पगुच्छामा रूपान्तरित "बराहा बर"
ल्याउनुछ बोकेर यहाँसम्म
चाहनाका पोल्टा भरि भरि
"कैली बुज्यु"हरूका ऐतिहासिक आशीर्वाद लिएर
"मालाङ्गेनी बुज्यु"का आदिम हस्तकला
बिजारोपण गर्नुछ- सारा मगराँतभरि
प्रकृतिका अनुपम बरदान पाएजसरी
पवित्र "मुरूला"मा अप्राप्य खुशीहरू पोको पारेर
ओरालो झर्नुछ- "मुरूला" हल्लाउँदै हल्लाउँदै
र, "अगाउरे मुलथाङ्गे"का मुख्य लयमा
स्वर मिलाउँदै एकसाथ भन्नुपर्छ-

"न्याहुऽऽऽ... न्याहुऽऽऽ... न्याहुऽऽऽ... ।"
प्रिय !
विहानी घाम झुल्के जसरी
अथवा, धरमपानीमा गुराँस फक्रिए जसरी
अथवा यसो भनुँ, डोकोभरिका "रथ- बिरथ"का हाँसो जसरी
तिम्रो र मेरो अनुहारमा इच्छाका सुकोमल फूल फुलाएर
हातमा हात जोडी अखण्डित ज्यान जसरी
प्रेमिल चरमोत्कर्षमा दौडिनुपर्छ एक साथ
दमाहा र सनाइका संयुक्त धूनमा
जोवनका सुख र दुःखका लय मिलाउँदै
"सिमे भुमे"का "बलपुजा"मा
शिर झुकाउनुपर्छ- प्रकृति मातालाई ढोगेर ।
प्रिय !
म उभिन्छु- "नोकोबाङ्गे"का अग्रभागमा "मुलथाङ्गे" बनेर
तिमी उभिऊ- "नोकाबाङ्गेनी"का अग्रभागमा "मुलथाङ्गेनी" बनेर
तिमी पछ्यौरी हल्लाएर नाच्नु प्रिय !
म खुकुरी चम्काउँदै छेउँमै नाच्छु प्रिय !!
जहाँ, खुशीले धरती जगमगाउनेछिन् आज ।

# बचेकुचेका बैँसहरू



– क्षेत्रप्रताप अधिकारी

तिमीसँग भेट नहुँदै भागेछ
एउटा लामो आयुरेखा
अस्तिनै भेट भएको भए कतै
औँलातिर अल्झने थियो कि बैँस
यो भन्दा रसिलो हुन्थ्यो कि यात्रा
यस्तो केही भैदिएन ।
म केही ढिलो उम्रेको भए पनि हुन्थ्यो
तिमी नै एक पाइलो चाँडो आइदिएको
भए पनि हुन्थ्यो
फेरि यस्तो पनि केही भैदिएन
ठीकै छ- सबै यात्रा फेदीबाट प्रारम्भ
हुनुपर्छ भन्ने पनि छैन
भञ्ज्याङमा भेटियो
यात्राको अन्त्ययत्ति होइन
आउ सँगसँगै चढौँ
बाँकी जीवनका द्यौरालीहरू ।
नभोगेका केही दिनहरू छन् मसित
नसुतेका केही रातहरू छन् मसित
तिम्रो सौन्दर्यको सेरोफरोमा कतै
एक क्षण अटाउने ठाउँ भए
पोल्टाभरि पोखिदिन्छु
बचेकुचेका बैसहरू ।

# सम्झनाको तस्बिर



– **गगनदीप सर्व**


साँच्चै
उनी यतिखेर कसैको
पाइलामा टेकेर आफ्नो पाइला सार्न लागेका छन्
ती अदृश्य दृष्टिहरू आज
पर्दाजस्तै खुल्दै गएका छन्
जो हिजोसम्म
आफैभित्र कैद थिए लयबद्ध यातनाहरू
सपनाका बीभत्स छायाहरू
किन बेला-बेलामा तर्साउन खोज्छन्
मनमा गडेका ती विषालु काँडाहरू
जो आँखाबाट धेरैमा सरेका छन्
बगेका तमाम आँसुहरू
एकत्रित भएर फुलेका छन्
जहाँ काँडा फूलभित्र लुकेर हेरिरहेका छन्
सुक्खा पहिरो क्रमश :
सम्झनाहरूमा बिलाउँदै गएका छन्
दाहिने बग्दै गरेका हावाहरूले
छायालाई छोपिँदै लगेको
मैले टाढैबाट देखिरहेको छु


**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात व्यवस्था निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**मानभवन, ललितपुर**

## पूर्वाधार विकास कार्यालय ललितपुरको सूचना

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौँ ।
- सडक तथा सडक पेटीमा निमार्ण सामाग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौँ ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौँ ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौँ ।
- सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौँ ।
- निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौँ ।

# बादल



– गगन विरही

सोच्दै छु
हामीमाथिको बादल
विलीन भइदिए पनि हुन्थ्यो
पानी पानी भएर कतै बगिदिए पनि हुन्थ्यो
तर विलीन भइदिन पनि
समयचाहिँदो रहेछ
पानी भइदिन पनि
समयसित साउती गर्नपर्दो रहेछ
सिउँडीको काँढा होइन बादल
जसलाई छुन सकिराखेको छैन
र पनि-
क्षितिजको फ्रेमभित्र कैदी त्यो बादल
हेर्दै म साइत पखिरहेको छु
कैदी त्यो बादल
जसलाई अपहरण गर्न
म अस्तित्व बेचिरहेको छु ।

# आमाको सपना




– गोपालप्रसाद रिमाल

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ ।
त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुन्डिएको शीतजस्तै टल्कने
तिमी एक हतियार देख्नेछौ,
त्यसैले ऊ अधर्मसित लड्नेछ ।
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्नेछौ, तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"
हो र आमा ?
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा

त्यसकै छाया देख्ने आशा गरेकी थिएँ,
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि,
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनिः
तर त्यो मीठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो !
जे होस् त्यो आउँछ,
म आमा हूँ, सारा सुजनशक्तिको मुख भएर
म भन्न सक्तछु, त्यो आउँछ
मैले यो कुनै अल्छी सपना देखेको होइन !
त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिने छैनौ,
सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुनेझैं सुन्ने छैनौ,
तिमी त्यसलाई आफै नै देख्न सक्ने,
सहन सक्ने र ग्रहण गर्न सक्ने हुनेछौं,
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिंदै बिदा हुनेछौ,
मैले यसरी रोगीलाई झैं तिम्रो कपाल
मुसारिरहनुपर्ने छैन !
हेरौला, त्यो हुरी भएर आउनेछ,
तिमी पात भएर पछ्याउनेछौ !
उहिले त्यो जीवनलोकबाट झरेर जूनजस्तै पोखिंदा
सारा जडता सगबगाएको थियो, बा;
त्यो आउनेछ, तिमी उठ्नेछौ !"
त्यो आउँछ कि आमा,
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै
त्यो आउने आशाले मेरो हृदयलाई कुतकुत्याइसक्यो आमा !
"हो, त्यो आउँछ,
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।
अब म उठें, गएँ ।"
"तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो !"

# जीवन–जुवा

**– चक्रपाणि चालिसे**



लामो खाल, विशाल विश्व छ, खुला खानी खजाना अरू
विद्या खेति किसानी कौशल कला वाणिज्य धन्दाहरू ॥
धापिन्छन् जित हार हुन्छ यिनमा जित्नेहरू हाँस्तछन्
हार्ने छाति पिटेर रून्छ बिचका टोलाउँदै हेर्दछन् ॥१॥

पञ्जा कोहि जलाउँछन् कति तिया पारी मजा लुट्तछन्
चोकैमा कति मस्तछन् अरू कुनै छक्का छ की आफू छन् ॥
च्याँखेकै धत लाग्छ खूब कहिले खालेहरू टाट भै
खौलिन्छन् कतिसम्म उठ्न नसकी बङ्छन् विपत्ता हुँदै ॥२॥

खाले नै कहिले उमेर उनको लुटछन् तडीतुम्बडी
मार्छन् क्वै थपडी जुधेर उनको निस्कन्छ आन्द्रा भुँडी ॥
आशाको शतरजिमा नसिबका पासाहरू बेसरी
लड्छन् ढुन्मुनिएर अम्मलिसरी घोप्टो र ठाडो परी ॥३॥

गिन्ती छैन अपार हार जितको टुट्टा नफा के भयो
ख्यालै छैन न याद नै छ दिन हो या रात हो साँझ हो ॥
खेलाडीहरू खेलमा हरधडी छन् मस्त धर्ना कसी
खेल्दो छू म पनी बडो पति बनी खै खालमा नै बसी ॥४॥

लाग्ला दाउ अवश्यमेव कहिले भन्न भरोसा धरी
खेलें यो विषयप्रपञ्चक जुवा प्यारो हुनाले गरी
खेलेको कति वर्ष भो तर पनि आएन पालो हरे ।
कस्तो खेलमहाँ फसैँछु नबुझी मैले अहो ! के गरें ॥५ ॥

भन्ने ताप पनी हुँदोछ तर हा ! छुट्तैन लाग्यो लत
उम्की सक्नु कसै भएन यसले मेरो लियो हुर्मत ॥
हेर्छू कोहि सहाय मिल्छ कि भनी सर्वत्र संसारमा
कोही देख्तिनँ जोगि भोगि सब ती छन् मस्त यै खेलमा ॥६॥

यस्तो अद्भुत दिव्य जीवन-जुवा जारी छ सारा दिन
कैहल्यै बन्द हुँदैन खेल्छ दुनियाँ कत्ती नथाकीकन ॥
यो माथि पनि फेरि ती अरू जुवा फर्मायसी फुक्तछन्
बर्सिन्छन् उसमा असर्फि रूपियाँ कौडी सरी जुट्तछन् ॥७॥

देख्ता लाग्छ अचम्म भारी मनमा कर्तव्य के हो भनी
घोरिन्छू तर हा !! उपाय रसिलो सुझ्दैन केही पनि ।
तस्मात् दिक्क भएर भन्छु सबमा यस्तो जुवाडे लत
लाग्नेले मनमा विचारि बहुतै हेरून् नहार्ने घत ॥८॥


# धुवाँको सिँढी



– **छविरमण सिलवाल**

सालैको पातैमा,
लगे जान्थैँ मायाको साथ साथैमा....!
यीनै गीतसँगै
बुट्यानहरूमा
चराको आवाज
चुराको संगीत
आमाको मधुर स्वर
पानीघट्टको मानीसँगै घुमेको
वेफूर्सद समय
बारी र खेतका गराहरूमा
छुटेका पसिनाको गन्ध
बुबाको त्यो प्रिय नाम
सबै सधैँका लागि छुट्यो ।
हरेक प्रहर माथमा रहने हात
जीवनमा आनन्दको साथ
सबैसबै धुँवा बनेर उड्यो
मिठो र सुन्दर स्मृतिको बगैँचामा
खैं ! कसले कसरी विथोलिदियो आज
सबै भन्दा प्रिय मधुर संगीत
संसारकै प्रिय र सुन्दर मेरी आमाको साथ
सबै सधैँका लागि छुट्यो ।
बलेसीमा तपतप झरेका
पानीका संगीत
मिर्मिरे उज्यालोसँगै
उघ्रेका आमाका दु:ख
कुन पहाडले थिचेको होला ?
हामीले ति दु:खका पहाड
छिचोल्न नसक्दै
छुट्यो आमाको संगीत
आर्यघाटबाट ।
जिम्मेवारीको बोझले
थिचेका आमाका इच्छापत्रहरू
धुवाँको सिँढीमार्फत
उडे आगोको संगीत लिएर ।
जीवनको अन्तिम विश्राममा
दु:खका भारी विसाएर
दाउराको ओच्छ्यानमा
आगोको संगीत सुनेर
धुवाँको सिँढी चढ्दैँ
आमा परमधामको मार्गमा
हिड्नु भयो
हामी निरीह बनेर
टुलुटुलु हेरिरह्यौँ ।

# महाकवि लक्ष्मीप्रसाद देवकोटाजी



**– जङ्गबहादुर यादव**

म- माई नेपाल के अंचरवा, ललनवा के खोज रहल बा
कवि- महाकवि के इयाद में वतन आज रोरहल बा
माई नेपाल के........................................
ल- लगन लगाके करहत रहली देश के बखान
अपने के कविता से सब जाग जाय जवान
अश्रु धारा कवीर के कविता के धो रहल बा
महाकवि के इयाद में वतन आजु रोहरहल बा
क्ष- क्षमता रहे कलम में करके कविता के पहिचान
अज्ञानी के जीवन मेँ भी भर देत रहली ज्ञान
मी - मिलल कवि लोगिन के कविता से हो रहल बा
महाकवि के इयाद में वतन आजु रो रहल बा
माई नेपाल के........................................
प्र.- प्रशंसा रउरा कविता के दुनियाँ जहान मेँ
सा- साहित्य के मान बढ़वली वगीया उद्यान मेँ
द- दक्षिण से लेकर उत्तर मेँ चर्चा हो रहल बा
महाकवि के इयाद में वतन आजु रहल बा
माई नेपाल के........................................
दे- देवलोक से आइल रहली, देवलोक में सिघरली
कवियन के मनमेँ बइठीँ सबके भावुक वनवाली
व- वतन के चर्चा कविता से दुनियाँ में हो रहल बा
महाकवि के इयाद में वतन आजु रोहल बा
को- कोमल जइसन कुहुकहु रहे रउरा जुहान में
कविता से जोश भरत रहली देश के जवान मेँ
टा - ढढा मसरवरी अंशुवन से मिंगो रहल बा
महाकवि के इयाद में वतन आजु रो रहल बा
माई नेपाल के........................................
जी - जिनगी वितल कवि के लिखे में कविता
कृपा बरसावत रहली रउरा पर सविता
अमु धारा से सविता चरण घुल रहल बा
महाकवि के इयाद मे वतन आजु रो रहल वा
माई नेपाल के........................................

# बधाई ज्ञापन



– **जनार्दन खनाल**

हो, स्थापनाभएको रैछ पल्लव साहित्य
श्री प्रतिष्ठान चितौन जिल्ला सर्वत्र प्रख्यात
कल्पनाकार र व्यवस्थापक  ऋषि प्रसाद
यी लामिछ्याने साहित्यकार हौसला दायक ॥

दिईने रैछ प्रत्येक वर्ष विभिन्न व्यक्तिले
राखेका जति  छन् ईनामहरू प्रदान गरिने
साहित्य कुम्भ मेलामा भाइ आउनु होला है
हार्दिक साथ गर्नु भो निम्तो नबिर्सी दिनु हैं ॥

बीसौं कार्यक्रमको बेला ती नवौं जनामा
ईनाम साथै सम्मान गर्ने सिर्जना कारमा
अघिल्यै दिन गएको थिए सम्पर्क गर्नमा
व्यवस्थापन अत्यन्त राम्रो अतिथीहरूमा ॥

अरू जिम्मा दिएको छैन दम्पत्ति खटेका
महिला जति साहित्यकार घरमै लगेका
साहित्यप्रति लगाब ठूलो सम्पूर्ण सन्तान
खटेकोदेख्दा अचम्म लाग्यो अन्यत्र भेटिन्न ॥

हुसेन खाँले गर्नु भो पनि सभाको अध्यक्ष
सुखद पक्ष सुन्दर देखैं यसको भविष्य
डाक्टर मल्ल महेन्द्र ज्यू नै प्रमुख अतिथी
आएको जति सम्पूर्ण जन पदेन अतिथी ॥

यो शुभ कार्य भएको पनि उद्योग वाणिज्य
संघको सभा हलमा थियो नदीको किनार

संचालनकर्ता आफैँले गर्नु भएको सुन्दर
स्वागतगर्न श्री सिताराम वचन मधुर ॥

अतिथी श्रष्टा आउनु भयो धेरै जिल्लाका
चितौनवासी साहित्यकार विभिन्न विद्याका
रचना कर्मीहरूका लागि चितवन उर्वन
माटो राम्रो विद्वान् वर्ग काठमाडौँ बाहिर ॥

सुरम्य भयो वार्षिक कार्य गजल मुक्तक
कविताहरू सुनियो अहो ! भएर उत्सुक
पालुवा हैन वृक्षको रूप फैँलिदै जाने छ
साहित्य सेवीको लागि सन्तुष्टि हुनेछ ॥

कसैको साथ मद्धत बिना यो प्रतिष्ठानले
वर्षे नि कार्य गरिदैँ आयो सगर्व सँगले
स्वास्थ्य र दिर्घायु होउन् यी लामिछानेमा
संलग्न अन्य व्यक्तित्वहरू अमर हुनेमा ॥

रहन्छ यस युगानु सम्म समाज राष्ट्रको
हितको निम्ति सुकार्य गर्ने यस्तै जनको
ईनाम दिने दातालु वर्ग सम्मान हुनेमा
यी दुवै लाई हृदयै देखि हार्दिक बधाई ॥

# जिन्दगीको थाली



– टङ्क उप्रेती

जिन्दगीको थाली फुट्यो
म त्यसलाई थप मुल्यवान बनाउन
फुटेका टुक्राहरूलाई
सुनले जोड्न चाहन्थैँ
तर
मसँग थिएन सुन
मैले मेरो आत्मा पगालैँ
र जोडैँ
मेरो जिन्दगीको थाली ।

# एक दिन



– **तीर्थ श्रेष्ठ**

थाहा छ
एक दिन नहुनका निम्ति
म यहाँ छु
बिहानी बताससँग रमाइरहेका यी पातहरू हुनेछैनन् एक दिन
आकाश ढाक्ने गरि उडिरहेका यी पंक्षी हुने छैनन एकदिन
चौतारीको बरको बोटको छेल पारेर तिमीले मेरो निम्ति
गाएको गीत हुने छैन एकदिन
हामीले एक अर्कोसँग जूनी जूनी भर सँग सँगै
जीउने मर्ने भनेर खाएको कसम हुने छैन एक दिन
हामीले एक यूगलाई एक क्षण जस्तो गरि बिताएको
यो घर हुने छैन एक दिन मलाई थाहा छ
म नहुँदा पनि हुनेछ यो अजम्बरी वायु
म नहुँदा पनि हुनेछ
कसम खान हामीले अन्जुलीमा उठाएको पानी
हामीले हामी भन्नलाइ टेकेको यो धरती
तिम्रो आँखामा/ तिम्रो स्पर्शमा भएको
प्रिय अग्नि, अनन्त जस्तो यो आकाश
मलाई थाहाछ म नहुनका लागि यहाँ छु
मेरो देहको पानी कतै न कतैबाट पुग्नेछ खोलामा
र खोला नदीको बाटो पुग्नेछ समुद्रमा
मेरो देह छोडेर निस्किएको सास मिसिने छ वायु मण्डलमा
म भित्रको प्रिय अग्नि बिलाउनेछ अग्नीगर्भा धरतीमा
माटो मिल्नेछ माटोमा
यौटा फुच्चे आकाश
गदगद हुनेछ अनन्तको हिस्सा हुन पाएकोमा
ओ चेतना ! तिमी पनि त घर फर्के जस्तो गरि
फर्कनेछौ परम चेतनामा मलाई थाहा छ
म नहुनका निमित्त यहाँ छु ॥

# कमजोर भिजिबिलिटी



– डा. दामोदर पुडासैनी किशोर

यी कुँडाकर्कटका थुप्राहरूजस्तो
शहर बसेको जमिनमा मेरो बाउ बाजेका
सुन्दर अन्नदाना फल्ने पाटा र गराहरू थिए
यी सडक र बास बनाउने नाममा
छ्याकटे बनाइएका पहाडहरूमा
हरियाली थियो र चरन थियो मेरा पुर्खाहरूको
यी मान्छेभन्दा धेरै घर र घर धान्न
खाडी, कतार, मलेशिया
र युरोप अमेरिका भासिन पर्ने गाउँहरूमा
मेरा गाउँलेहरूको स साना बुकुराहरू थिए
गाउँलेहरूको सर सल्लाह थियो
सुकिलो र उज्यालोको हिउँद र बर्षा थियो
बिना लप्पनछप्पनका पसिनाले माटो भिजाउनेलाई
घर घरबाट मुगलान भासिन बाध्य पार्ने यो गाउँ मेरो हो
कार्यकर्ताभन्दा नेता धेरै भएको सिँगै देश मेरो हो
भोट लुटेर नेता बन्ने
र देश लुटेर हिरो सावित हुने अगुवा मेरो हो
आमाको चरचरी फुटेका कुर्कुच्चाबाट
तरतरी बगिरहेको रगत कुल्चेर
घरको ऋण र लालाबालाका अस्पष्ट भविष्यलाई
धुलिसात गर्दै बिदेशी नगरबधु र नगरबरसँग
सर्वस्व स्वाहा पार्ने भाइ र बहिनी पनि मेरा हुन्
मेरो देशको सँबिधान
पखेटा काटिएको परेवाझैँ लर्खराइरहेछ
मेरो देशको सँसद रँगमञ्चझैँ चलिरहेछ
मेरो देशका अभिनेताहरू नेतामा रूपान्तरित भएका छन्
मेरो देशका नेताहरू अभिनेतामा रूपान्तरित भएका छन्
किन किन मलाई मेरो गाउँ टोलमा लुटदै हिंडने
डन, ट्यापे, विचौलिया
र मेरो देश हाँक्ने भनिएका मान्छेहरूको
रूप र आनीबानी उस्तै उस्तै लाग्छ

किन किन अघिल्तिर चिप्लो घसेर
पछिल्तिर सत्तो सराप गर्ने मेरा आफन्तभन्दा
सँकटमा हृदय खोलेर ढाडस दिने
पराईनै सक्कली आफन्त जस्तो लाग्छ
अहो ! कस्तो अचम्म
मेरो देशको कुर्शीमा बस्नेहरू जाल फिँजाउँन
माहिर छन् देशको साँचोमुचोको जिम्मा लिनेहरू
दिउसोलाई रात र रातलाई दिउँसो पार्न ब्यस्त छन्
ठेक्का कबुलेर टाकुरामा चढने र, टाकुरामा पुगेपछि
आफ्नो आधारभूमि र देशको धुकधुकीनै
निमिट्यान्न पार्नसक्नेहरूकै बोलवाला चलिरहेछ
एक्लो बृहस्पति छ कान्तिपुरमा
उ एक्लै धुन खोजिरहेछ
मान्छेहरूको अनुहार र मनको कमजोर भिजिबिलिटी
र एक्लै उभ्याउँन खोजिरहेछ आलोकनगर
एक हुल ब्वाँसाहरू भने
न्वारानदेखिको बल निकालेर तयारी गर्दैछन्
उसको मुटु, गिदी, आँखा, हात र खुट्टाको सुप पिउँदै
क्याब्रे डान्सको तालमा
अन्तिम भोजको आनन्द बटुल्न
कमजोर भिजिबिलिटीमा छ मेरो देश
हरेक उड़ानहरू खतरामा छन्

# बनको चरी



– **दिलीप श्रेष्ठ**

मसँग एउटा गाउँको हृदय छ
र धुकधुकी पनि त्यहीँको छ
तर अहिले म सहरमा छु ।
जहाँ न प्रहरको हिसाब हुँदोरैछ
न कसैको कहरको हिसाब हुँदोरैछ
म भित्रका अनेक सपनाहरू
मात्र मेरो हृदयमा रमाएर के गर्नु
सहरको अनकण्टार बस्तीमा
न कुनै रहरको निसाप हुँदोरैछ ।

थाहा छैन आज
किन मलाई घरिघरि
त्यही मनको परी संम्झना आइरहेछ
मेरो मनको गीत गाउने
त्यही वनको चरी सम्झना आइरहेछ ।


# देश



– दुबसु क्षेत्री

आस्थालाई आकाश बनाएर
स्वाभिमान सूर्य रोप्न भनी
तिमी देश खोज्दै हिँडेका रहेछौ,
तिमी देश खोज्दै हिंडेका हो भने,
सुन ! माटोको माया भनेको
मुटुको माया हो
देश भनेको भावना न हो,
तिमी देश बनाउँदै हिँडेका हौ भने, सुन !
नक्साभित्र देश नखोज्नू
तिमी इतिहास बनाउदै हिँडेका हौ भने, सुन !
सिमानाले बाँधेर देश नलेख्नू,
देश जहिल्यै पनि मनभित्र हुन्छ
देश जहिल्यै पनि आस्थाभित्र हुन्छ
तिमी देश खोज्छौ भने
आँखाका नानीहरूमा खोज
तिमी देश छाम्छौ भने
मुटुका धड्कनहरूमा छाम
छातीलाई आकाश बनाएर
देशलाई मुटुभित्र राख
तिमी देश खोज्दैछौ भने
एकलव्य बन्नुपर्छ तिमीले भक्तिको
र, देशलाई द्रोणाचार्य मानेर
आस्थाको मन्त्र सहीं जप्नुपर्छ
आवश्यक पर्छ यदि भने
औंला त के, टाउको काटेर
गुरूदक्षिणा चढाउनुपर्छ देशभक्तिको ।

# नेपाल



– धरणीधर कोइराला

नेपाल तिम्रो मुहँडा हँसीलो
देखेर मर्छु कि यसै म मर्छु
चिन्ता यही चित्त सताउँदो छ
आशा निराशातिर धाउँदो छ ।
आमा भनी ढक्क फुलाइ छाती
सारा अरू देश नलागि जाती
सम्झेर धाएँ निज देश जाति
पाएँ पुरस्कार अनेक भाँति ।
सम्झेर धाएँ निज देश धाएँ
आनन्दमा चित्त निकै डुबाएँ
सेवा यथाशक्ति म गर्छु तिम्रो
भन्ने थियो चित्तविषे त मेरो ।
सारा दिशा खोजी हिंडे सहारा
पाएँ न साथी न कहीं गुजारा
नेपाल तिम्रो महिमा अपार
सम्झन्छु गाऊँछु म बार बार
चाहन्छु तिम्रो मुहुँडा उज्यालो
देखौँ म भन्छु नगरी बियाँलो
चिन्ता विशाला बिच चित्त मेरो
नेपाल नेपाल जपेर तिम्रो
सेवा गरैँ के ? अब के गरौंला ?
सेवाबिना वा कसरी मरौंला ?
धिक्कार यो जन्म उसै गुमाएँ
नेपाल-सेवा गरनै न पाएं
व्यर्थै भयो जन्म भनेर रून्छ
अत्यन्त यो व्यग्र बनी रहन्छ
नेपालको क्यै ममता भएका
नेपाल-सेवा मनमा लिएका
कोको कहाँछौ मनलौ मिलाओ
बेसी बियाँलो नगरेर आओ
नेपालको कीर्ति-फला बढाओ
नेपालको भक्ति मिलेर गाओ ।
आओ न आओ अब बेर नलाओ
नेपालको प्रेम मिलेर गाओ
नेपाल हाम्रो धनसम्पदा हो
नेपाल हाम्रो बलसम्पदा हो ।
नेपाल हाम्रो बुझ मानदा हो
नेपाल हाम्रो बुझ ज्ञानदा हो
नेपाल हाम्रो बुझ कामदा हो
नेपाल हाम्रो बुझ मोक्षदा हो ।
जसमा जती जे छ लिएर धाओ
नेपालका पाउ विषे चढाओ ।


## हार्दिक अनुरोध

- वनको संरक्षण गरौं ।
- खाली पर्ति जमीनमा वृक्षा रोपण गरौं ।
- वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं ।
- प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं ।
- जथाभावी रूपमा रूख नकाटौं ।
- मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं ।
- आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।

**गढीमाई साझेदारी वन व्यवस्थापन समिति परिवार, बारा**

# हरेक साँझ म



– **नकुल सिलवाल**

हरेक साँझ म
तारा हेरिरहेको हुन्छु
त्यतिमाथि हाँसीरहेको उज्यालो
नाचीरहेको रमाइलो
मेरो धमिलो, शून्य परिवेशमा
ओराल्न चाहिरहेको हुन्छु ।
आँखाहरू चम्किलो उज्यालोलाई
झिलिमिलि रमाइलोलाई
सुर्केनी लगाएर तान्नथाल्छन्,
तानीरहन्छन्,

यति नै खेर, नजिकै आएर
झ्याउँकिरी झ्याउँ-झ्याउँ कराएर
भ्याकुतो टर् टर् टर्टराएर
गँगटाले हातखुट्टा चलाएर
मलाई बिथोल्छ,
भताभुङ्ग भत्काउँछ ।

# अन्धकार हुन यहाँ रात पर्नु पर्दैन



– **नमर्देश्वर प्रधान**

घाम जतिसुकै खुलेर के गर्ने ?
कसैले आँखै छोपिदियो भने
अन्धकार त त्यहाँ त्यसै हुन्छ
सूर्य जतिसुकै चम्केर के गर्ने्
कसैले आँखामा
धुलो छ्यापी दियो भने
सूर्य त यहाँ त्यसै विलाउँछ
अन्धकार आउन यहाँ रात पर्नु पर्दैन
आँखामा कसैले पर्दा हालिदियो भने
यो मध्यान्हमा पनि
आँखा त बन्द बन्द नै भईदिन्छ
अन्धकार त यहाँ
चारैतिर फैलिन्छ
चारैतिर भइदिन्छ

# आसनां दाजु



– **पूर्ण वैद्य**

आसनां दाजु,
जीवनमा यौवन नभएको
सुख-सुविधाको अंश नपाएको
कसैले नपत्याएको
झुत्रो-मैलो
दुःखै-दुःखको एक गाँठो,
आसनां दाजु
ओइलाएको सागको पात
उसको अनुहार
खाडल-खोंच
ऊ नेपालको नक्सा
केरमेर-केरमेर
दुःख पीडाका
अनगन्ती रेखा
विवशताको एउटा रूप,
आसनां दाजु
उसको आशा भन्नु नै
कसैको हातको
ठुट्टा चुरोट
छोयला,जाँड,रक्सी
थोत्रो एकजोर जुत्ता
उद्देश्य उसको केवल
आफ्नै एउटा घर
आफ्नै एक टुक्रा जमिन
भरिपेट एक छाक
मासु र भात
एउटी जीवनसङ्गिनी,
आसनां दाजु
काम नपाएको एउटा ज्यामी
एकादशी,पूर्णे
पात्रो हेर्न नपर्ने
धर्मभिरू,
आसनां दाजु
दैव भरोसा
उसको भाषा
स्पुटोनिक,ट्रान्जिस्टर
केही भन्न नजान्ने
अँध्यारो कोठा,
आसनां दाजु
नपुगेको रगत
नतातेको रगत,
आसनां दाजु,
कहिले भरि एक पेट
कहिले ठिक नजुरेको
अरूलाई दिक्क लाग्ने गरी
सधैं दुःख पोख्ने,
आसनां दाजु
एउटा उपहास
एउटा चुनौती
आजको जिउँदो कथा
आसनां दाजु ।

# कान्तिपुरी नगरी



– भानुभक्त आचार्य

चपला अबलाहरू एक् सुरमा,
गुनकेसरिको फल ली शिरमा ।
हिडन्या सखि लीकन ओरिपरी
अमरावधि कान्तिपुरी नगरी ॥


यति छन् भनि गन्नु काहाँ धनि ञाँ,
खुसि छन् बहुतै मनमा दुनिआँ ।
जनकी यसरी सुखकी सगरी,
अलकापुरि कान्तिपुरी नगरी ॥

कहिँ भोट- र लण्डन - चीन - सरी,
कहिँ काल्-भरि गल्लि छ दिल्ली- सरी ।
लखनौं-पटना-मदरास-सरी
अलकापुरि कान्तिपुरी नगरी ॥

तरबार कटार खुँडा खुकुरी,
पेसतोलर बन्दुक सम्म भिरी ।
अतिशूर-र-वीर- भरी नगरी,
छ त कुन्- सरि कान्तिपुरी नगरी ॥

रिस राग कपट् छल छैन जाँहाँ,
तब धर्म कती छ कती छ याहाँ,
पशुका पति छन् रखबारि गरी,
शिवकी पुरि कान्तिपुरी नगरी ॥

# एक्लै एक्लै उदास उदास छु म



– भीमदर्शन रोका

एक्लै एक्लै उदास उदास छु म
घाम डुबी तारा नउदाएको आकाश हुँ म
हिजो जहाँ आइ बसेथिन् तिनी
त्यही उजाडि सकेको बास हुँ म
एक्लै एक्लै उदास उदास छु म ।
कोही नदी किनार हुँ म
सधैँ पर्खिरहने प्यार हुँ म
कतैदेखि टाढा भए पनि
कतैदेखि बिल्कुल पास छु
म एक्लै एक्लै उदास उदास छु म ।

# अनुभूति



– भीष्म उप्रेती

पहाडमाथि
हरिया रूखहरूको फेदमा बसिरहँदा
चिसो हावाले छोएजसरी एउटा सोचले छोयो ।
यी रूखहरू किन रूख भए !
र म चाहिँ किन मानिस भएँ !
म रूख भएको भए
शितल छहारी दिन्थैँ
बलियोसँग पक्रेर माटोलाई
पहिरो खस्नबाट जोगाउँथैँ
उमार्थें पानी धर्तीभित्र
र समस्त जीवनलाई प्राण दिन्थैँ
उठ्न, अग्लो हुन र उभिन प्रेरणा दिन्थैँ ।
पर मानिसहरू रूख काटिरहेका छन्
पहाड खोस्रिरहेका छन्
चट्टान फुटाइरहेका छन् ।
प्रकृति हामी कसैको होइन
र, त्यसैले हामी सबैको हो
प्रकृतिलाई जस्तो छ
त्यस्तै रहन दिए कस्तो हुन्थ्यो !


# मेरो देश

– **भूपि शेरचन**



जहाँ
हिउँ परेको रातमा
जून, धरतीलाई भेट्न
हिमकणहरूको साथमा
मुस्कुराउँदै ओह्रालो झर्छ,
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
झन् बढी मुस्कुराएर
आकाशमा फर्कने गर्छ ;
जहाँ
आलुबखडाका हाँगा-हाँगामा
फुल्दछन् कुखुराका चल्लाहरू ;
जहाँ
मृगमरीचिका पछि लाग्नेहरूको यादमा
रून्छन् धूपी र सल्लाहरू;
जहाँ
बाह्रै महीना मानिसका गालामा
फुल्दछन् आरूका फूल,
जहाँ
मुटुको स्पन्दनझैं उफ्री उफ्री
खेल्छन् मृगशावकका हूल ;
जहाँ
पहराबाट छहराले
खोलामा हाम्फाल्दछ ;
जहाँ–
रातमा पनि हिमचुलीले
आँगनमा घाम पाल्दछ ;
जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ ;
जहाँ
स-साना नदीहरूमा पनि
तूफानी समुद्रको वेग हुन्छ;
जहाँ
बटुवालाई प्रत्येक झ्याङबाट
भ्याउँकीरीले गिज्याउने गर्छ ;
प्रत्येक अंधेरी पँधेरोमा
जूनकीरीले ज्योति फिँजाउने गर्छ; ;
जहाँ
शीतल हावामा बुई चढेर
कस्तूरीको सुगन्ध डुल्दछ;
जहाँ
एकबाजी आएर
घर फर्कन वसन्त भुल्दछ,
जहाँ
बटुवालाई भन्ज्याङमा रोकेर
हिमाल पङ्खा हम्कन्छ,
जहाँ
एक अर्काको मुख हेरेर
नीलगिरि र धवलागिरि चम्कन्छ;
जहाँ
प्रत्येक रातमा आकाशले
मङ्गल-दीप सजाउँछ,
जहाँ
प्रत्येक भोरमा धरतीले
एक गोरो छोरो जन्माउँछ,
जहाँ
हरिया-हरिया पहाडका फरिया
जहाँ
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

# हाम्रो नेपाल



– महानन्द सापकोटा

हिमालका काखमा छ हाम्रो राम्रो देश
हाम्रो देशजति राम्रो संसारमा के छ ?
हेर कति रमाइलो हाम्रो नेपाल ।

पाहारिला पखेरामा खोलावरिपरि
सालिम्मो र बाबियो-खरूकिका घारी
हेर्दा कति राम्रो लाग्छ हाम्रो नेपाल ।

लाहाँचेको मिहिनेत, गौँथलीको शिप,
बकुलाको धीरता र मयुरको नाच,
चारै गुण सिकाउँछ हाम्रो नेपाल ।

बानरका बथानले उफ्री रूख-रूख
देखाउँछन् नेपालीको जाङ्रिलो ढप,
जाङरको घर हो हाम्रो नेपाल ।

सुतुनामा पात रोपी हरिनको हाँच
परस्पर आज पनि भन्छन् मनसित
शान्ति दिने देश हो हाम्रो नेपाल ।

ढुक्क मानी मुडुली झाँफतिर हेरी
आकाशको सुन्छे बोलि घिघ्रो टेढो पारी
प्रेम मय देश हो हाम्रो नेपाल ।

निगालेको निर्जनको गर्जनको घन्को
सुन्दै जान्छ नेपालका दुश्मनको सातो
वीरताको भूमि हो हाम्रो नेपाल ।

घमाइला पाखा अनि घुमाउरा नागी
गीत गाउन गोठालाले तिहाँ नाची नाची
पाउला के उपमा हाम्रो नेपाल ।

असारका रोपाञी र मङ्सिरका दाञी
हेर्न झर्छस् इन्दु पनि रूप छिपाई
गन्धर्वले झुराउँछन् हाम्रो नेपाल ।

नेपालका छोरा-छोरी जाउन् जति टाढा
देशभक्ति हृदयमा हुन्छ उति गाढा,
बिर्सन को सक्ला अहो हाम्रो नेपाल ।

मादलको ताल टिपी 'छम्म नानी' गाई
घुमी-घुमी नाचिएको जीउ मरकाई
झलझल सम्झिनेछ हाम्रो नेपाल ।

तीज पनि पश्चिमीको सँगिनैको सुर
रहरमै रात जाने पालो नपुगेर
तुम्बुरूको देश हो हाम्रो नेपाल ।

फेरो मारी गीत गाई धाान-नाच नाची
बसाएका पिरती देउता भाकी-भाकी
जति सम्झ उति राम्रो हाम्रो नेपाल ।

रतेलीका उटाङ र मारूनीका पारा,
गाइ जात्रा हेर्न लाग्ने रमितेका धारा
सम्झाउँछन् विदेशमा हाम्रो नेपाल ।

चायन र सोरटी देउडि र रोदि
बैंस हुँदा खेलिएको जोडी रोजी-रोजी
सम्झँदैमा राम्रो लाग्छ हाम्रो नेपाल ।

आदर्शले भरिएको इतिहास पढी
खिया झारी राम्रो पारी हीरा मोती जडी
संसारको रोजा पारौँ हाम्रो नेपाल ।

# बाटाहरू



– मञ्जुल

बाटाहरू
शहरमा पनि पुगेका छन्
गाउँमा पनि पुगेका छन्
डाँडा-डाँडामा नि पुगेका छन्
बन्दरगाहामा पनि पुगेका छन्
यति सुन्दर छन्
मनमा पनि पुगेका छन्
कल्पनामा पनि पुगेका छन्
मस्तिष्कमा पनि पुगेका छन्
ज्ञानमा पनि पुगेका छन्
सपनामा पनि पुगेका छन्
चरालाई
उड्ने स्वतन्त्रता छ आकाशमा
बाटाहरूलाई
दगुर्ने स्वतन्त्रता छ-जमिनमा
बादल र प्रकाश सँगसँगै
बाटाहरू अनन्तमा पुगेका छन् ॥



# बन जीवन्त मानिस

– राष्ट्रकवि माधवप्रसाद घिमिरे

गाली गर्दैन सारंगी झुठो बोल्दैन बाँसुरी
छ संगत तिमीभित्र मिठो बोल सधैं भरी ॥
तारा राती निदाउन्न झरीमा रून्न इन्द्रेणी
छ उज्यालो तिमीभित्र चम्क आपत्तिमै तिमी ॥
उड्दैन फूलको रङ्ग सुक्दैन महको रस
छ जीन्दगी तिमीभित्र वन जीवन्त मानिस ॥
को भन्छ र नराम्रो छु न जाती कुन बन्छ र ?
छ इश्वर तिमीभित्र सोच रे शिव सुन्दर ॥

# अनुभूति



– **मौन आवाज**

मैले  जुन रातलाई
गहिरो अन्धकार भनेको थिएँ
मानिसहरूले त्यही रातलाई पूर्णिमा भनेका छन् !
मैले छोएका सारा यथार्थहरूलाई
मानिसहरूले वर्जित विषय मानेका छन् ।
आगोको स्नान
हिउँ पहिरोको कठ्याङ्ग्रिदो स्पर्श हो भनेको थिएँ
मानिसहरूले पत्याएका छैनन् ।
पानीको आवश्यकता सम्भोग भन्दा ज्यादा छ
त्यसपछि सुतौँला भनेको थिएँ  मानिसहरू निदाइसकेछन् ।
रातो रंग, रंग होइन रगत हो भनेको थिएँ
मानिसहरूले विश्वास गरेका छैनन् ।
घाँस उखेल्नुपूर्व
मस्तिष्कमा नैतिक सफाई जरूरी छ भनेको थिएँ
यो कुरामा मानिसहरू हाँसिरहेका छन् ।
सपनाको अर्थ जीवनको सम्झौता होइन भनेको थिएँ
मानिसहरू कता हो कता पुगिसकेछन् !
संसारलाई आँखिझ्यालबाट होइन
हृदयको कोमलताबाट हेर्नुपर्छ भनेको थिएँ
मानिसहरू मुन्टो बटारिरहेका छन् ।
लज्जा यौनाङ्ग छोप्नु होइन
निर्लज्जता नग्नता होइन भनेको थिएँ
मानिसहरूले प्रतिवाद गरेका छन् !
ईश्वर केवल एउटा अवधारणा हो भनेको थिएँ
मानिसहरूले एकसाथ मलाई हमला गरेका छन् ।
अस्तित्व झुट हो
सत्यको सार्वकालिक महत्व हुँदैन भनेको थिएँ
मानिसहरूले मलाई लखेटेका छन् ।

सीमा र बन्धन अमर्यादित नियमहरू हुन्
तिनलाई नाघेर सीमान्त छुन जाऊ भनेको थिएँ
मानिसहरूले मलाई निर्घात कुटेका छन् ।
प्रेम र संवेदना मायावी खेलौना हो भनेको थिएँ
मानिसहरूले मलाई पागल भनेका छन् ।
हिंड्नु/नहिँड्नुले यात्रा निर्माण गर्दैन
लड्नु/उठ्नुले जीवन निर्माण गर्दैन ।
केवल चेतनाले रूझेको मन मन हुन्छ
केवल विचारले भिजेको शरीर शरीर हुन्छ भनेको थिएँ
मानिसहरू मलाई उपहास गरिरहेका छन् ।
शून्य र चैतन्य एउटै रूप हो
नहुनु तर भेटिनु अनुभूति हो भनेको थिएँ
मलाई मानिसहरूले सुनिरहेका छैनन् !

# नेपालका वीर सिपाही

**– यदुनाथ पोखऱ्याल**

फिरंगी हटाई लुटीपीटि चाँडो
पुगी आज गंगा पखाल्नु छ खाँडो
कडा भीम् बलीका वीर छोरा
बडो मत्त तन्को छ टक् भेट्नु गोरा
सदा शूरमा छन् उमेर्का कलीला
न जान्नू कुनैले उनैका ती लीला
अघि पन्थ पाँडे थिया ढेर मन्त्री
भएनन् त यस्ता अकिल्का त तन्त्री
अमरसिंह थापा बडा वीर्कि घर्मा
भयो भीम औतार् सुधार् बाह्र थर्मा
गोरा त शूरा दुई एक हुन्छन्
गोर्षामा कातर आज कुन् छन्
गारन् डराई पनि चिठ्ठी लेख्यो
नेपालका वीर सिपाही देख्यो ॥

# धरातल ढलेपछि



– यम रेग्मी

गर्ल्याम्म ठूला सतिसाल ढल्छन्
चुर्लुम्म अग्ला हिलशैल डुब्छन्
समुन्द्र सुक्दै मरूभूमि बन्छ
उठेर मर्दा दिउँसै दर्गुछ ।
बतास मातेर तुफान बन्छ
सुत्दै उषाले म उदान्न भन्छ
उषा र रात्री प्रिय मित्र बन्छन्
मुसा बिराला बिच प्रेम चल्छन् ।
भाले निशामै खुब थाल्छ बास्न
नदी उकालो तिर थाल्छ बग्न
बन्छन् कुकर्मी जग पुज्य देव
कात्रो रिसाई बुन भन्छ जेब ।

मान्छे मरेका सपना बटुल्छ
निर्लज्ज बन्दै भिडमा दर्गुछ
र वंशभित्रै रसरङ्ग चल्छ
यो सभ्यताको बिच प्रश्न उठ्छ ।
आफैँ रचेको घर फोड्छ मान्छे
आफै हिडेको पथ टोड्छ मान्छे
खोज्दैन पानी खुन खोज्छ मान्छे
सुधा नरोपी विष रोप्छ मान्छे ।

# किसान हूँ



– युद्धप्रसाद मिश्र

जमीनको बुभुक्षु छु किसान हुँ किसान हुँ
दरिद्र छु परन्तु यो स्वदेशको म शान हुँ ।
फलाउँछु फुलाउँछु जमीनमा खानी-खनी
सहेर घाम-पानीमा परिश्रमी बनी-बनी ।
पवित्र खाद्यको नयाँ-नयाँ म गर्छु सिर्जन
जमीनमाथि जिन्दगी गरी-गरी विसर्जन ।
जमीनमा जहाँ-जहाँ किसानको छ पाइलो
त्यहाँ दिशा-दिशा सबै रमाइले-रमाइलो ।
जमीनको निमित्तमा महान क्रान्ति गर्दछु
जमीनको निमित्तमा पवित्र शान्ति छर्दछु ।
जमीनको मिठो घनिष्ठता फगत् किसानमा
जगत् हँसी-खुसी गराउने रगत् किसानमा ।
मनुष्यमाथिको ठुलो वरदान हूँ वरदान हूँ
जमीनको दुभुक्षु छु किसान हूँ किसान हूँ ।

# आर्द्र स्वप्न



– **रमेश श्रेष्ठ**

माहुरीहरूले
बोकेर उडेको पृथ्वीबाट
चुहिइरहेको महको धारा
कसको मुखमा परेर पङ्किने हुन्
सोचिरहन्छन् चुइङ्गम चपाएर
देवताहरू मरेर बनेका- तन्नेरी पहाडहरू ।
चाकाभित्रको अर्को पृथ्वीबाट
महकै बाँसुरी बजाएर सोचमग्न छन् प्यूपाहरू
बहुचर्चित तेस्रो विश्वयुद्धमा
सहभागी हुनेहरूका बारेमा ।
चौथो बिहे गर्ने इच्छासहित
दिनको तीन चम्चा शुद्ध
मह खाएर माइला बाजे
मुस्कुराउँछन् ऐना हेर्दै
ज्यान लागेको आफ्नो अनुहार
हामी बाँचिरहेको पृथ्वीमा ।
त्यति बेलै
भुरूरूरू उडेर गयो रानी माहुरी
पछिपछि लागे हुल बाँधेर थुप्रै माहुरीहरू,
तिनै मध्येबाट मर्दै खसिरहेका थिए
बलशाली कविता लेख्न सक्ने जस्ता
कवि माहुरीहरू ।
समय छँदै
पृथ्वीकै ठूलो किताबमा
आँखा छोपेर
लेखिदियो इतिहासले
सबै मर्नेहरूलाई सहिद भन्न मिल्दैन ।

# एउटा अर्को मुनामदन



– राजु अधिकारी

मुनामदन
त्यो गहकिलो काव्य
मन चिरिँदै आँखा रसाउने
त्यो अविरल भावावेग
देवकोटाको जीवन फसल
सञ्जजीवनी सम्पत्ति अनमोल ।
भोटको यात्रा सम्पत्ति लिप्सा
तैपनि मनमा देशको माया
जहानको खुसी वृद्ध आमाको छायाँ
आशा, भरोसा विश्वास लिँदै
आफ्नै पदचिन्ह छर्दै फर्कथे मदन ।
तर आज
उही मदनको मन लिएर
यात्रामा निस्केका मदनहरूलाई
न त देशले फर्काउन सक्यो
न त मायाले तान्न सक्यो
उतै हराए, उतै बिलाए
महासागरमा खोला मिसियो ।
त्यसैले आज
हात जोडेर भन्न मन छ
धोको पुऱ्याएर रून मन छ
पक्कै स्वर्गमा रहनु भएका
मेरो अन्ष्करणका देवकोटा !
घर फर्केर देश बनाउने
सबै मदनका चित्त बुझाउने
एउटा अर्को मुनामदन
लेखिदिनुस् भन्न मन छ ॥


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
**बबरमहल, काठमाडौँ**

**सचिवालयबाट प्रदान हुने सेवाहरुको बारेमा सूचना**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र र तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलार्य बोर्डबाट देहाय बमोजिम सेवा पूदान गरिने जानकारी गराइन्छ ।

- कामदार विदेश वा नेपालमा समेत बिरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रुपैयाँसम्म आर्थिक सहायता ।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँसम्म औषधि उपचार सहयोग ।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियाग लागि कानूनी सहायता आवश्यक परेमा कानुन प्रतिरक्षा सहायता ।
- महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाइएको सडक पुगेकोस्थलसम्म निःशुल्क शव ढुवानी सेवा ।
- मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वासो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधि पछि मृत्युभ एको भए २५ हजार रुपैयाँ आर्थिक सहायता प्रदान ।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरुलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु ।

उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवासी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिनेछ ।

**सम्पर्क विवरण** :
वेब साइट : www.feb.gov.np http://shramadhan.moless.gov.np; facebook.com/molcallcenter
इमेल : info@feb.gov.np; welfare@feb.gov.np; callcenter@feb.gov.np
श्रमाधान (कल सेन्टर) : ११४१, १६६००१५०००५ (NTC बाट निःशुल्क),
फोन/इमो/भाईबर/ह्वाट्सएप : +९७७९८५१३३४२२ भाईबर/ह्वाट्सएप : ९८०१८०००१३
इमो : ९८०१३०००३३, शुल्क लाग्ने नम्बर : ९८०१८०००३३, ०१-५९७००००८ (२४ सै घण्टा)
टेलिमेडिसिन (ईमो, भाईबर, ह्वाटसूएप विहान १० देखि साँझ ६ बजेसम्म) ९८५१३४५७०१/७०२

# पागल



– **महाकवि लक्ष्मीप्रसाद देवकोटा**

जरूर साथी म पागल !
यस्तै छ मेरो हाल !

म शब्दलाई देख्दछु !
दृश्यलाई सुन्दछु !
बास्नालाई स्वाद लिन्छु !
आकाशभन्दा पातला कुरालाई छुन्छु !
ती कुरा,
जसको अस्तित्व लोक मान्दैन
जसको आकार संसार जान्दैन !
म देख्दछु ढुङ्गालाई फूल !
जब, जल-किनारका जल-चिप्ला ती
कोमलाकार पाषाण,
चाँदनीमा,
स्वर्गको जादूगर्मी मतिर हाँस्दा,
पत्रिएर, नर्मिएर, झल्किएर,
बल्किएर उठ्दछन् मूक पागलझैँ,
फूलझैं एक किसिमका चकोर-फूल !
म बोल्दछु तिनसँग, जस्तो बोल्दछन् ती मसँग
एक भाषा, साथी !
जो लेखिन्न, छापिन्न, बोलिन्न,
बुझाइन्न, सुनाइन्न !
जेनेली गङ्गा-किनार छाल आउँछ तिनको भाषा
साथी ! छालछाल !
जरूर साथी म पागल !
यस्तै छ मेरो हाल !

तिमी चतुर छौ वाचाल

तिम्रो शुद्ध गणित-सुत्र हरहमेसा चलिरहेको छ
(मेरो गणितमा एकबाट एक झिक)
एकै बाँकी रहन्छ !
तिमी पाँच इन्द्रियले काम गर्छौ
म छैटौंले !
तिम्रो गिदी छ साथी !
मेरो मुटु !
तिमी गुलाफलाई गुलाफ सिबाय देख्न सक्तैनौ,
म उसमा हेलेन र पद्मिनी पाउँछु,
तिमी बलिया गद्य छौ !
म तरल पद्य छु !
तिमी जम्दछौ जब म पग्लन्छु,
तिमी सङ्लन्छौ जब म धमिलो बन्छु,
र ठिक त्यसैको उल्टो !
तिम्रो संसार ठोस छ !
मेरो बाफ !
तिम्रो बाक्लो, मेरो पातलो !
तिमी ढुङ्गालाई वस्तु ठान्दछौ,
ठोस कठोरता तिम्रो यथार्थ छ !
म सपनालाई समात्न खोज्दछु,
जस्तो तिमी, त्यो चिसो, मीठो अक्षर काटेको
पान्धिकीको बाटुलो सत्यलाई !
मेरो काँडाको वेग छ, साथी !
तिम्रो सुनको र हीराको !
तिमी पहाडलाई लाटा भन्छौ,
म भन्छु वाचाल !
जरूर साथी !
मेरो एक नशा ढिलो छ
यस्तै छ मेरो हाल !

म माघको ठण्डीमा
ताराको सेतो प्राथमिक राप तापेर
बसिरहेको थिएँ,
दुनियाँले मलाई तरङ्गी भने !
भस्मेश्वरबाट फर्कंदा सात दिन

टोह्लाएको देखेर
भूत लागेको भने !
एक सुन्दरीका केशमा
समयका तुषाराको
पहिला छिर्का परेको देखेर
म तीन दिन रूँदा,
मेरो आत्मालाई बुद्धले छुँदा
मलाई छटाएको भने !
मैले वसन्तको पहिलो कोकिल सुनेर
नाचेको देख्दा,
बहुला भने !
एक सुनसान औंसीले मलाई निसास भएर
म प्रलय-वेदनाले उफ्रें !
मूर्खहरूले मलाई त्यस बेला ठिङ्गुरा  हालेर राखे !
म तूफानसँग एक दिन गीत गाउन थालेको थिएँ,
मलाई बुजुगहरूले,
राँची पठाइदिए !
म आफूलाई एक दिन मरेको सम्झेर
लम्पसार थिएँ,
एक साथीले बेसरी चिमोटिदिए
र भने, "एक पागल तेरो मासु अझ मरेको छै !"
यस्ता कुरा भए सउाल, साल !
पागल छु साथी !
यस्तै छ मेरो हाल !

मैले नवाबको मदिरालाई खून भनेको छु,
छिमेकी रण्डीलाई लास भनेको छु !
राजालाई गरीब,
सिकन्दरलाई मैले गाली दिएको छु !
महात्मा भनाउँदाको निन्दा गरेको छु !
नगण्ड व्यक्तिलाई, तर,
सातौँ आसमानसम्म,
तारीफको पुलमा चढाएको छु,
तिम्रा महापण्डित, मेरो महामूर्ख !
तिम्रो स्वर्ग, मेरो नरक !

तिम्रो सुन, मेरो फलाम
साथी ! तिम्रो धर्म, मेरो पाप !
जहाँ तिमी आफूलाई चलाख सम्झन्छौ,
उहाँ म देख्छु तिमीलाई बिलकुल लाटा !
तिम्रो उन्नति, मेरो अवनति, साथी !
यस्तै छ मोलमोलाइको उलट-पलट,
साथी !
तिम्रो विश्व, मेरो बाल !
जरूर साथी ! म बिलकुल चन्द्राहत छु
चन्द्राहत,
यस्तै छ मेरो हाल !

म अन्धालाई दुनियाँको अगुवा देख्दछु,
गुफा- तपस्वीलाई भगुवा देख्दछु,
मिथ्याका मञ्च चढेकालाई
काला नटुवा देख्दछु !
विफललाई सफल देख्दछु !
प्रगतिलाई अगति देख्दछु !
या हुँला मै ऐँचाताना !
या हुँला मै दीवाना !
साथी ! मै दीवाना !

निर्लज्ज नेतृत्वको नीरस रसनाको
रण्डीको नाच हेर !
जनअधिकारको डँढाल्नोको भाँचेर
जब भगेर टाउके छापाको कालो मिथ्याले
मेरो विवेक वीरलाई
जाली झुटले लल्कार्छ
तब हुन्छन् मेरा गाला राता साथी !
सन्चैको गोलझैं राता !
जब निमुखा दुनियाँ कालो जहर पिउँदछ,
चिउँछ कानले,
र अमृत भनीठानेर,
र मेरा आँखा अगाडि, साथी !
तब हुन्छन् ठाडा मेरा रौँ, रौँ

र्गनका सर्पकेशझैं, मेरा जिस्क्याइएका
रौँ, रौँ !
जब बाघले मृग खान आँटेको देख्छु, साथी !
या ठूलो माछाले सानो,
तब मेरा मर्काएका हड्डीमा पनि दधीचिको आत्माको
भयङ्कर बल पसेर, बोल्न खोज्दछ, साथी !
स्वर्गबाट चट्याङ परेको दिनझैँ
जब मानवले मानवलाई मानव ठान्दैन, साथी !
तब कडकडाउँछन् मेरा बत्तीस दन्ते बङ्गारा,
दुबै !
जस्तो भीमसेनका दाँत !
अनि,
प्रकोपको लाल-लाल आँखाका डल्ला,
फनक्क घुमाएर एक डबलले, म
यो अमानवको मानवजगत्लाई,
एक आगोको लप्काले झैं हेर्दछु, साथी !
उफ्रिन्छन् मेरा कलपुर्जा,
खलबल, खलबल !
तुफान हुन्छ मेरो सास !
विकृत हुन्छ मेरो चेहरा !
बन्दछ मेरो दिमाग, साथी !
बडवानलझैं, बडवानलझैं !
म वन खाने आगोझैं बहुला हुन्छु !
बहुला, साथी !
काँचै निलूँझैं विश्वविशाल !
जरूर साथी !
म सुन्दर-चकोर, असुन्दर- फोर !
कोमल-क्रूर
चिडिया, स्वर्गाग्नि-चोर
तुफान-पत्र !
पागल ज्वालामुखीको उद्गार
भयङ्कर व्यक्तित्व पागल !
जरूर, साथी !
सन्के मगज छु, सन्के !
यस्तै छ मेरो हाल !

# काल महिमा



– **कवि शिरोमणि लेखनाथ पौडेल**

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्ट्याइ छान्दैन त्यो
खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ॥

राजा रङ्क सबै समान उसका, वैषम्य गर्दैन त्यो
आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।
लाखौँ औषधि, अस्त्र-शस्त्र-महिमा देखेर डर्दैन त्यो
व्याधा-तुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो ॥

आँसुका दहमा नुहाउँछ चिसो पानी रूचाउन्न त्यो
सुख्खा जर्जर अस्थिपञ्जर-विना शैया बनाउन्न त्यो ।
मैलो भस्म-सिवाय अङ्गभरमा केही लगाउन्न त्यो
हाहाकार सरी मिठो अरू कुनै सङ्गीत गाउन्न त्यो ॥


जो जो मिल्छ सुलुक्क निल्छ, मुखमा हाली चपाउन्न त्यो
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ।
जत्ती निल्छ उती उकेल्दछ पनी, केही पचाउन्न त्यो
यै चालासित कल्प-कल्प कहिल्यै खाई अघाउन्न त्यो ॥

**विदाई**

उपसम्पादक बाबुराम लम्सालले आफू अति महत्त्वपूर्ण काममा व्यस्त रहनु परेका कारण समय दिन असमर्थ रहेको जानकारी गराउनु भएकाले उहाँले थाल्नुभएको कामको शीघ्र सफलताको कामना सहितविदाई गरिएको छ ।

– **नवप्रज्ञापन परिवार**

# विचरा टोपी




– वसन्त रिजाल

टोपी लाए मायागरी
वर्षकै एकदिन भए पनि
नलाउनेले गऱ्यो विज्ञापन
र लियो आत्मसन्तोष
टोपी लाएर को ठुलो भएको छ ?
ठुलाठुला टोपी लाउनेलाई हेरेहुन्छ
टोपी, दौरा, सुरूवाल र कोट
बेलाबेलामा हल्लने मेचमाथि
नागरिकताको फोटोमा
टोपी बञ्चित भएपछि
नागरिकता बन्दैन टोपी लाएर
त्यसैले एकदिन लगाएपछि
किल्लामा झुण्याए हुन्छ
केवल एकदिन नेपाली
देश, जात, धर्म, भाषा
किन, भो भो सोद्धै नसोध
यो अङ्ग्रेजी वर्षको टोपी हो
केवल एकदिन लगाउने
तीनसय चौसठ्ठी दिन फुकाल्ने
बाहुल्यता ! ओ हो बाहुल्यता !
बाउ कता, आमा कता
अनि छोराछोरी कता कता
आज यता भोलि कता
आफ्नै ठेगान छैन आफैँलाई
स्वदेशी वा विदेशी ?
यो स्वाभिमानी शीरको टोपी
नेपाली वीरताको टोपी
पुर्खाहरूको सम्झना
आँट र साहसको पहिचान
विश्वले चिनीरहेको छ
ओ हो ! अचम्मको छ वर्तमान
एकदिन लगाएर फुकाल्छ शिरबाट
बानी परेको छ लगाएर फुकाली रहने
टोपी दिवसका दिन झल्याँस्स सम्झने
यो भादगाउँले र त्यो पाल्पाली टोपी
विचरा वर्षमा एकदिन भएपनि
शिर देख्ने भाग्यमानी टोपी
टाउको छोप्ने यो नेपाली टोपी ॥



# प्रौढ देवतासँग



– **वासुदेव अधिकारी**

बूढानीलकण्ठ,
म जन्मिदा तिमी बुढो थियौ
म बुढो हुनलाग्दा तिमी तन्नेरी
कसरी भयो यस्तो ?
कुरा गर्नु छ तिमीसँग
हिसाब गर्नु छ सुखदुखको ।
मलाई थाहा छैन
तिमी आफैँ सुत्यौ कि कलाकारले सुताए,
तिमी आफैँ आयौ कि कसैले लिएर आए
सुत्दा सुत्दा पट्यार लाग्दैन तिमीलाई ?
ओल्टो कोल्टो फर्किन मन लाग्दैन तिमीलाई ?
चिसो लाग्दैन नित्य पानीमा सुत्दा ?
दृढताको रहस्य जान्ने मन छ
स्थीरताको कहर चाल पाउने इच्छा छ
हो साश्ँच्चै बूढानीलकण्ठ,
मलाई तिमीसँग कुरा गर्ने मन छ ।
तिमी ढुङ्गा हौ कि देवता ?
पहिला सायद ढुङ्गा थियौ
कति दुख्यौ कुँदाइको चोटमा ?
कति आनन्दित भयौ देवता हुँदा ?
देवता हौ भने
कसरी एकाकार भयौ ढुङ्गासँग ?
खुलस्त भन न,
देवतालाई मानिसमा पस्न सजिलो कि ढुङ्गामा ?
प्राणीमा बस्न सजिलो कि वनस्पतिमा ?
बूढानीलकण्ठ,
देवमन पढ्ने इच्छा छ
तलबितलको गन्थन गर्ने चाहना छ

सुती-सुती भूपति तर्सायौ तिमीले
तिनी तिमीसँग सपनमा नि डराउँथे
विपनामा पनि काँप्थे
अहिले तीभन्दा बदमास भक्तहरू
तिम्रो दर्शनमा आउँछन्
पाउ पर्छन्
पूजाआजामा समर्पित हुन्छन्
दानमा पोखिन्छन् र माग्छन्
अरू पैसा, अरू पावर, दिव्य वर्चस्व
तिमी खुशी हुन्छौ सायद
तिमी दयालु हुन्छौ सायद
र भन्छौ होला : तथास्तु
बूढानीलकण्ठ,
मलाई भूपति कँपाइको कथा जान्ने मन छ
तथास्तु शास्त्र केलाउने रहर छ ।
आशीष मागपूर्तिको मेलामा
तथास्तु आदान प्रदानको भेलामा
मेरो सानु जिज्ञासा छ तिमीसँग
मुर्झाइरहेको इमानी ब्युँझाउने अर्गानिक टनिक छ छैन ?
आशीष माग्न नजान्ने गरीवलाई दिने खजाना
र अन्यायले जलिरहेको हृदयमा दल्ने मलम छ छैन ?
बोल न केही शब्द, खोल न जीवनको मन्त्र
तिम्रो चहकबारे सानो कविता कोर्नु छ
र, चाल पाउनु छ, तिम्रो दिव्य चक्षुले
कपट र श्रममा पार्थक्य देखेको कुरा
गद्दार र इमानीलाई फरक मानेको प्रमाण ।

**बाराली स्रष्टा**
**रामप्रसाद अधिकारीको नियात्राकृति**
**उड्दै, गुड्दै, घस्रिँदै**
**बजारमा ।**



# छोरीलाई मानचित्र पढाउँदा



– विजय मल्ल

रातो रगतले कोरिएको साँध छ
हरे हरेक राष्ट्रका फाँटमा !
यो हो भारत, यो हो पाकिस्तान
हिन्दू-मुसलमानको रगतले
मुछिएको
यही हो रेखा महान् !
यो जर्मनी, यो इङ्गल्याण्ड,
यो रूस, यो जापान ।
अणुबमले खाएको,
हेर नागासाकी, हिरोशिमा !
हिटलरको भूतले सताएको
यही हो युरोप कङ्काल
यही हो अमेरिका,
डलरको देश–
'अणुबम' को निर्माता
शान्तिको सन्देश !
जता हेर,
रातो रगतले लाएको छ घेरा
परेवालाई गञ्जकमा बन्द गरेझैँ
मानिस छन् बन्दी, यस खोरमा ।

मेरी छोरी,
(कुनै दिन त्यस्तो आउला)
जब सबले मिलेर,
हातमा हात गाँसेर,
अङ्कमालमा बाँधिएर–
हब्सी, आर्य, मङ्गोल
पलिनिसियन, द्रविड, कोल
सबले पुछ्नेछन्
आँखाको प्याला घोप्ट्याएर
आँसुले त्यो रक्तरेखा ।
अनि,
धेरै कालपछि–
मेरी छोरी,
कुनै दिन त्यस्तो आउला
त्यो रातो रेखा खोजे पनि
तिमी पाउने छैनौ त्यहाँ ।

# मलाई तिमी आफूजस्तै बनाउ



– विनय रावल

विसङ्गति हेरेर बस्नु
यहाँको नियति भइसक्यो
नराम्रो खबर सुनेर बस्नु
यहाँको परम्परा भइसक्यो
छातीभित्र आक्रोश थिचेर बस्नु
यहाँको बाध्यता भइसक्यो ।
हे इश्वर !
किन मलाई आँखा चाहियो ?

किन मलाई कान चाहियो ?
किन मलाई मुख चाहियो ?
मलाई दया गर
मलाई तिमी आफूजस्तै बनाउ ।

# रूख र पात



– विनयकुमार शर्मा नेपाल

अटल थियो
अडिग थियो
मार्ग ठाडो थियो
आफैँ सिधा भयो
फेर्न सकेन उद्देश्य हुरीले
फेर्न सकेन लक्ष्य पानीले
आगो त सूर्य थियो
हार खायो र गयो ।
बदलिएन स्वभाव
बदलिएन विचार
बदलिएन कर्म
कसैगरी बदलिएन त्यो
फगत एक संवाद चल्यो
अनायसै विवाद उठ्यो
लिङ्ग, धर्म र वाद आयो
तप्का तप्का मत बाझ्यो
झिनो बुद्धि थियो
विचार जीर्ण थियो
अवसर काफी पायो
तर ऐँजेरू बन्यो
फगत एक पत्ता थियो
आफै झरेर गयो ।
एक झट्कामै
कालचक्र बन्यो
आफूलाई महान् ठान्यो
मूल नै खराब देख्यो
हरियो पत्ता थियो
सुकेर पतिङ्गर बन्यो
मच्चिनु मच्चियो
थच्चिनु थच्चियो
नियति झर्नु थियो
आफै झरेर गयो ।

**पशुपन्छी फर्ममा जैविक सुरक्षाकाउपायहरू अपनाउँ :**

- आफूले पालेका पशुपन्छीलाई खुला रूपमा नछोडी थुनेर मात्र पालौँ
- खोला तथा अन्य प्राकृतिक स्रोतमा संङ्क्रमित बस्तुहरू मिसिएर पानी सङ्क्रमित हुन सक्ने हुँदा त्यस्ता स्थानबाट ल्याएको पानी उमालेर मात्र खाउँ र खुवाउँ
- पशुपन्छीहरूलाई दानापानी दिने भाँडा नियमित रूपमा सफा गरौँ
- पशुपन्छी राखेको स्थान नियमित रूपमा सफा गरी निसङ्क्रमण गरौँ
- हाँस कुखुरा लगायतका पशुपन्छीलाई एकै ठाउँ वा खोरमा मिसाएर नराखी अलगअलग राखौँ
- पशुपन्छी पालन गरिएको गोठ तथा खोरहरूमा भरसक बाहिरका मानिसहरू वा कुकुर बिरालो र मुसा आउजाउ गर्न नदिउँ
- पन्छी राख्ने खोर समय समयमा सफा गरौँ, निसङ्क्रमण गरौँ, भिरकोन चुना छरेर खोर सफा गरेपछि सुलीलाई कम्तिमा एक महिनासम्म राम्रासँग कुहिन दिएर मात्र खेतबारीमा प्रयोग गरौँ

**केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला**
त्रिपुरेश्वर काठमाडौँ

# शिलाजित



– **विनोदविक्रम केसी**

सहरमा शिलाजित बेच्नेहरू बढेका छन्
सहरमा शिलाजित खोज्नेहरू बढेका छन्
अकस्मात् के भयो सहरका मान्छेलाई ?
भयभीत भएकाछन् एकाएक
नपुंसत्वको आगामी अनिष्टले
श्रीमती र प्रेमिकाहरूले गरिरहे लाख कोसिस
बेडरूमलाई प्रेमको पावन भूमि बनाउन
तर, पुरूषहरूले
यसलाई रणमैदान बनाउन
बाँकी राखेनन् कुनै कसर
(यहाँलाई थाहै होला,
इरेक्टाइल डिस्फङ्क्सनको बिरामीलाई
सहरको सेक्सोलोजिस्टले दिने पहिलो डायलग हुन्छ–
'बेडरूम युद्धभूमि होइन ।')
मजनूको प्रतीक्षामा रहने मदहोस धड्कनहरूमा
ध्वजोत्थान गर्न सर्वदा आइपुग्छ नृशंस चङ्गेज खान
सिङ्गो जुनीको जम्मा प्रयत्न पुंसत्व भएपछि
(धिक्कार छ !)
चीत्कारहरूका खातिर
आफूलाई उत्सर्ग गरिदिने मन पैदा होस् पनि कसरी
यातना-उपकरणबाट ध्वनित/प्रतिध्वनित चीत्कारहरू
आनन्दको परिभाषामा सामेल भएपछि
कोही पुंसत्ववाला नपुंसक भइन्छ कि भनेर
सधैं सधैं डराउने नै भयो
पुरूषहरू कहिल्यै भएनन् प्रेममा पारङ्गत
जबकि यो सजिलै सिकिने उच्चतम कला हो
अर्को मुटुको धड्कन महसुस हुनासाथ

भइ त हालिन्छ प्रेमविशारद
प्रेयसीको प्रणयमग्न एक बुँद नजर
खस्नासाथ याचनाको प्यालामा
पुगि त हालिन्छ चरमोत्कर्षमा
यसरी प्रेम घटित हुन
तदनुरूप सम्भोग घटित हुन
तगारो हालेको छ पुंसत्वले
एक कविका हैसियतले
मैले खारेज गर्ने शब्दहरूको सूचीको
पहिलो नम्बरमा छ– पुंसत्व
बलिष्ठतासँग छैन कुनै मोह मलाई
दुर्बलता मेरा सयौं गुणमध्ये एक हो
शक्तिहीनताले मलाई दुःखी बनाउँदैन
मर्दपना, पुरूषत्व, बहादुरी, पुरूषार्थ, पराक्रम...
यी सारा शब्दले मेरी आमा, बहिनी र प्रेमिकालाई
चोट पुऱ्याइरहे इतिहासदेखि इतिहाससम्म
त्यसैले यिनलाई म मृत देख्न चाहन्छु
पुरूष हुनुको नाताले
पुंसत्व खारेज गर्नु मेरो प्रथम दायित्व हो
किनभने, म एक स्त्रीको सन्तान हुँ, सिर्जना हुँ
त्यसैले स्वतः हुँ स्त्री–
पुरूषका केही चिह्नसहितको स्त्री !
सोध्नुहोला– पुंसत्व खारेज गर्न चाहने म
किन लेखिरहेछु शिलाजितमाथि कविता
किनभने, म शीघ्रभन्दा शीघ्र हुने
पतनहरूलाई रोक्न चाहन्छु
सहरका चोक-गल्ली भौंतारिरहेका
जुम्ला र मुगुतिरका शिलाजितवाला मित्रहरू हो,
तपाईंहरूका मुखमा दूध र भात !
म रोक्न चाहन्छु पतनहरूलाई
...भावनाको दुर्भावनामा द्रुत पतन
...स्वप्नको दुस्वप्नमा द्रुत पतन
...सहीको गलतमा द्रुत पतन
...मान्छेको दुर्मान्छे अर्थात् चुतियामा द्रुत पतन
पुनः एक कविका हैसियतले
गर्छु म सिफारिस

प्रतिचुतिया दुईदुई ग्राम शिलाजित
दिनू, महाशक्ति अमेरिकालाई डबल (अझ ट्रिपल) डोज दिनू
कि– सन्तानको अनुहार कल्पिरहेका विभोर गर्भवतीहरूमाथि
बम खसाल्ने निर्दयीमा रोकियोस् उसको पतन...
दिनू, हिजोका क्रान्तिकारीहरूलाई दिनू
कि– जसले सपनाको अन्तिम बेर्नासमेत
बहुराष्ट्रिय कम्पनीको हातमा बेचिदिए
अब पतन हुन बाँकी छैन भन्ने
तिनको हेक्काको रोकियोस् पतन
दिनू, संसदीय पहलमानहरूलाई दिनू
कि– भोका शिशु र रोदनरत आमाहरूको संसार फँडानी गरेर
जसले जमाएका छन् लोकतन्त्रको अखडा
जहाँ तमासा बन्दाबन्दा थकित भइसकेको छ जनवेदना
दिनू, हरेक चुतियालाई दिनू
दुई दुई ग्राम दिनू
र, आफैँलाई पनि सिफारिस गर्छु म
दुई ग्राम
किनभने, सारा चुतियाहरूको पतन
शिलाजितले रोक्न सक्ला कि भन्ने हास्यास्पद आशावादमा
यत्रो शब्दविलास गर्ने
म पनि हुँ चुतिया एउटा ।

..............




# दुःखको संविधान



– विमल भौकाजी

आयो दुःख
एक साँझ मेरो छेऊ
र भन्यो–
आज एक रात मलाई
तिमीभित्र बास देऊ !
बस्यो दुःख मसँगै एक रात
सुत्यो मसँगसँगै ।
जून थियो आकाशमा
जगमगाइरहेका थिए ताराहरू
र, रमाइरहेको थिएँ म
दुःखसँग त्यो रात ।
जब बिहान भयो
दुःख सुतिरहेको थियो मस्तले
बोलाएँ मैले दुःखलाई
झकझकाएँ
तर उठेन दुःख/उठ्दै उठेन
निदाइरह्यो... निदाइरह्यो...
एक साँझ
मसँग बास माग्न आएको दुःख
आज पनि मसँगै छ
जहाँ जान्छु/सँगै हिँड्छ
जहाँ बस्छु/सँगै बस्छ
मेरा जीवनको संविधानमा,
अब, कसै गरेर मेट्न नसकिने
प्रत्येक हरफहरूमा अङ्कित छ दुःख ।

# फूलको प्रश्न



– विवश पोखरेल

प्रेमिल आँखाका सम्मोहनमा
आर्कषित हुँदै फुलेको छु हाँगा हाँगामा
सुवासित छन् बतासका मृदु स्पर्शसँगै
मेरा यौवनका अङ्गप्रत्यङ्ग
मुस्काइरहेको छु/गाइरहेको छु
जीवनका सुन्दर गीत ।
थाहा छैन,कुन बेला आउने हुन्

आँधीभन्दा डरलाग्दा मान्छेहरू
र निर्मम भएर रेट्ने हुन् मेरो घाँटी
क्षतविक्षत पारेर मेट्ने हुन् अस्तित्व
आफ्नै भविष्य हराएर चौबाटोमा
अन्योलताको पसल थापेर बसेको
ओ ज्योतिषी तिमी भन्न सक्छौ ?
कुन युवकको हातमा/कुन युवतीको शिरमा
कुन नेताको गलामा र कुन भगवान्को पाउमा
समर्पित हुन लेखेको छ मेरो भाग्य ?
हरेक मञ्चमा/हरेक उत्सवमा
आफूभरि सजाएर
मझै निरीह फूलका टाउकाहरू
ओठमा विजयी उल्लास बोकेर
प्रफुल्ल हाँसिरहेको देख्छु ठूला मान्छेहरू
फूलैफूलको सौन्दर्यमा
सजाइरहेको देख्छु आफूलाई
मलाई अकाल मृत्यु रोजेर
कुनै लुब्धो नेताको गलामा
कुनै स्वार्थी प्रेमीको हातमा
कुनै अभागी प्रेमिकाको चुल्ठोमा
कुनै निरीह भगवान्को पाउमा
सजिन ठ्याक्कै मन छैन
मलाई आफू जन्मिएको माटोमा
आफू हुर्किएको आँगनमा
आफू पल्लवित वसन्तमा
फुल्न मन छ
ओइलिन मन छ / झर्न मन छ
र फेरि सगौरव त्यहीं बलात्कृत आँगनमा
नवसृष्टि भएर उम्रिन मन छ
कालदर्शी ज्योतिषी ! तिमी भन्न सक्छौ
कुन लगनमा/कुन ग्रहमा
कुन घडी पला र नक्षत्रमा
जन्मिएका फूलहरूले
लिएर आएका हुन्छन् यस्तो भाग्य ?

# परदेशिएको छोरो



– विश्वविमोहन श्रेष्ठ

घर अगाडि टेलिफोनको तार
असरल्ल टाँगिएको छ
केही दिन भो त्यसै माथि बसेर
काग एकनासले कराइरहेछ
अरे, पाहुना पो आउन हो कि
भान्सामा बसेर 'डली'
बरबराइरहेछ
नभए त्यो काग
किन यसरी
एकनासले कराइरहेछ
यसो गम खान्छु
को आउने होला
छोरो विदेशमा छ
उ त होइन होला
समय मिलाएर
फोनमा कुरा हुन्छ
कहिले आउने 'बाबु' भनेर सोध्यो
अर्को साल छुट्टीमा त फरक
पर्दैन भन्छ
म हरेक साल
त्यो अर्को साल पर्खेर बसिरहेछु
फोनमा बात मारून्जेल
उसको गाला सुमसुम्याएको
आभास गरिरहेछु
अलि मोटायो कि क्या
अनुमान लगाउँछु
स्वरमा पहिले जस्तो कम्पन छैन
अब त होमसिकले छोड्यो होला
सन्तोष लिन्छु
ऊ आउने खबरले
त्यसै त्यसै पुलकित हुन्छु
सालहरू आउँछन्—जान्छन्
क्यालेण्डरका रंगिन पानाहरू
च्यातिन्छन्—फालिन्छन्
न उ आउँछ
न उसले अर्को साल आउँछु भनेर
भन्न नै छोड्छ
उसका साथीहरू
नानीहरूलाई 'ताते' गर्दै हिंडिरहेको
यदाकदा सडकमा भेट्छु
उनीहरूको मुहारमा
म छोरालाई खोज्छु
ननिको त लाग्छ नै
तर त्यो ननिकोलाई पनि
ओठमा हाँसो भर्दै
कतै छातीको ओढारमा
लुकाउने प्रयास गर्छु
घर फर्केर स्वास्नीलाई सुनाउँछु
उ त झन् 'आमा' हो
उसको पनि आँखाको डिल
रसाएर आउँछ
मन भक्कानिदो हो
यसो सारीको फेरले
सुकसुकाएको नाकलाई पुस्छ

उल्टै मलाई 'गाली' गरे झैं गर्छ
जान दिनु नी
सम्झेर कत्ति यो बुढो
हैरान गर्छ
आफू त रून्छ रून्छ
सँगै मलाई पनि
रूवाएरै छाड्छ ।
यसरी सम्झिँदै–रूँदै
बोकेर पिठ्यूमा आयुको भारी
म डाडाँको घाम हुन लागिरहेछु
भन्नलाई मनमा अनेक कुराहरू
छन्
फोनको घण्टी सुन्नै हुन्न
ती अटेसमटेस गरेर लाम लाग्छन्
खै, भन्न हुने हो कि होइन
सम्झेर जबजब
अतितमा तरङ्ग्रिन्छु
चढेर बाइपङ्खी घोडा
धेरै भीर, पहरा र
कान्लाहरू माथि पुग्छु
सानो थियो, औंला समाएर
मसँगै स्कूल जान्थ्यो
लाग्थ्यो कहिले ठूलो होला
र यो भारी–झोला
आफैं काधँमा उठाउला
लिएर उसैको साहारा
बुढ्यौलीमा म चारधाम जाउँला
तर जब ऊ ठूलो भो
ऊ परदेश पो हानिने भो
उसका सुन्दर सपनाहरू
यहाँ त तुहिने भो
सुनेर मन खङग्रङ्ग भो
खङ्ग्रङ्ग भएर के भो त
निधारमा रातो टीका
गलामा सयपत्रीको पहेँलपुर माला
र आँखामा अनन्त सपना बोकेर
ऊ विदेश जाने भो
ऊ त परदेश जाने भो ।
यो खरले छाएको छानो
टाल्नु उसैले पर्ने हो
सिकुवाको यो डिलभरि
नानी उसैको खेल्ने हो
अँगेनाको डिलमा बसेर
अब मैले कसलाई
कथा हाल्ने हो
यही काखमा टाउको राखेर
ऊ निदाउँथ्यो
म उसको उज्यालो अनुहार हेरेर
सगर छिचोल्थैं
उसको तोते बोलीमा
लोली मिसाएर
मायाको भाका हाल्थैं
ती सबै छोडेर
ऊ विदेशीने भो
उ त परदेशिने भो ।
उ त गयो गयो
अब अर्को पनि जाने भो
उनीहरूलाई न यो आँशुले रोक्यो
न यो धपेडी र व्यवहारले छोप्यो
यो आँशु त खाली पानी भो
कि यो अभाव, यो संकट र
यो महंगीले पो पोल्यो ?
खै के भो के भो
उ खेलेको आँगन
आज उसैलाई सानो भो
छाडेर सबै थात–थलो
छोरो विदेशीने भो
सबै परदेशीने भो ॥

# समयचित्र



– शम्भुप्रसाद गजुरेल

उस्तै छ दिन वा रात,  प्रवाह जलको उहि
रविको तेज उस्तै छ, उस्तै छ वायुको गति ।
पशुमा स्वार्थ थोरै छ, ईमानको भँडार छ
मान्छे हो लोभको थुप्रो, जमानको ढँडार छ ।
समाचार बिकेका छन्, मदिरालय चोकमा
ल्याप्चेको नाममा टाङ्छन्, सम्पादकीय ‘झोक’मा
खेल धेरै हुने गर्छन्, वरीयता विभिन्न छ
खेलाडी मात्र फेरिन्छन्, नतिजा लमतन्न छ ।
सल्यक्रिया अचानोमा, मधौरू प्राण माग्दछ
चक्कु बोकेर बस्नेले, धोक्रामा नोट थाप्दछ।
कालो कोट टाँगेको, बुख्याँचा मर्म शून्य छ
रक्षा पीडकको गर्ने, अन्धकासुर तुल्य छ ।
त्रिपिटक उचालेर,वधशाला रमाउँछ
धर्मको गीत उराल्दै, महिष नै कराउँछ ।
तक्माको दान गर्नेले, तक्मा थाप्दछ हातले
छापिन्छ पाठ्य सामाग्री, आशको मन्द धापले ।
बेचिन्छ मानको पट्टा,बेचिन्छ जनको मन
अँगार बन्छ मोती नै, गोजीमा चाहियो धन ।
शिसी चुनावमा मात्दै, लट्ठ भएर ढल्दछ
विद्वता भोटले चुन्ने, अनौठो खेल चल्दछ।
गुम्बा, आश्रम खोल्नेको, कब्जामा जल जङ्गल
अनुयायी उफारेर, गद्दीको गर्छ मंगल ।
पाए व्यञ्जन फुर्किन्छ, नपाए बन्छ कर्कश
बाँधेर नेत्रमा टालो, बन्छ पथ प्रदर्शक ।
देखेर चन्द्रमा दाग, छैन भन्न म सक्दिनँ
रातिमा सूर्य झुल्किन्छ, भन्ने भ्रम म पाल्दिनँ ।

# कालो माछापुच्छ्रे



– **सरुभक्त**

कालो लेखिए पनि
सेतो देखिए पनि
माछापुच्छ्रे सुन्दर देखिन्छ
चिन्ताका कर्कटपाताहरू
अनुहार हराएका अनुहारमा टाँसेर
स्तम्भनका सन्नाटा स्नान गरी
वर्तमान नबाँच कोलाहलमा
सुकेको झरनामा
काकाकुल तिर्खाले उडेर
एआइहरू कृतिम यथार्थका उपस्थितिमा
हाँस्ने छन् क्वान्टाका रक्सी धोकेर
साइबर गल्लीहरूमा
इतिहासका हत्याराहरू
समयान्तर उभिएर
गाउँदैनन् प्रशान्त बोधिगीतहरू
रक्तबीजका रक्तिमता चुसेर मोटाएका
स्याँउँस्याँउती जुकाहरू
स्वधर्मका विषपान गरेर
पृथ्वी परिकल्पनामा निमग्न छन्
च्यातिएका ओजन छिद्रबाट
घुसेका आतङ्क वेखवर
मानिसको एउटा ज्ञानी पुस्ता
परमाणु बमका जुस पिएर
निदाएका छन्
आफ्नै फोक्सोका क्रन्दन सुन्दै
ध्रुवीय हिउँका गीतहरू
शताब्दीको अन्तिम शिवरात्रीमा
उखु पड्केका छन्, गुइँठाको धुनीमा

लामखुटटे विमानहरू उडेका छन्
छेपारो छद्मावरणमा
पुतली नाचेर
सन्तप्त सुनामी उर्लेका सागरहरू
हिमालतिर फर्केर
अर्जी हाल्दैछन्- "आँसुको खोला भएपनि बगाइदेउ !"
एकादेसका कथा
वन र वनेली सभ्यता
उत्खनन् प्रतीक्षामा भूमिगत छन्
अतिथि युगको पर्खाइमा
भूमिगत जलभण्डारहरू तिर्खाएका क्रन्दनले
ढुङ्गाका यार्सागुम्बाहरूलाई सुनाइरहेछन्
लेकाली पावनताका गीतहरू
विषाक्त हावा तानेर बाँचेको
अवशिष्ट मानवता
विस्तारित ब्रह्माण्डका महत्वाकांक्षा बोकेर
युद्धरत् छन् अन्तरिक्षमा
पृथ्वीसूक्तका पानाहरू
झ्यारझ्यार च्यातेर
अतिमानवहरू महामानवहरूका खोजमा
तपश्चर्यारत् छन्
माइकल ज्याक्सनका उपनिवेशवादी तृष्णाले
छालाको रङ्ग बदले पनि
बदलिदैनन् मनका रङ्गहरू
वैश्विक उष्णताको चङ्गा उडाएर
तिमी सोचको वर्णपटमा किन
सेतो रङ्गको महाख्यानमा भुलेका छौ ?
के नेल्सन मण्डेलाको कालो रङ्ग
सुन्दर थिएन ?
धरतीका यावत् रङ्गहरू
धरती जस्तै सुन्दर हुन्छन्
तिमी नैसर्गिक रङ्गहरूको हत्या गरी
आखेट यात्रामा निस्कन्छौ भने
पर्याविनाशको जालमै त जाकिन्छौ

माकुराको भोजन बन्न
तिमी साइबर गल्लीहरूबाट
मातेर निस्केका एआइहरूलाई नसोध–
माछापुच्छ्रे किन कालो देखिन्छ?
मातमा पनि तिनले
कृतिम यथार्थ मनले
सत्य बोल्नेछन्–" तिम्रो मन कालो भएर ।"
अन्यथा, कालो देखिए पनि
सेतो देखिए पनि
माछापुच्छ्रे सुन्दर देखिन्छ ।

# खोजी



– स्नेह सायमी

मजस्तै
सबैले काम नलाग्ने भनेर फालेको
फोहोरको जङ्गलमा
म खोजिरहेछु
केही उपयोगी कुराहरू
जस्तै -
खाली सिसी
खिया लागेको फलाम
प्लाष्टिकका टुक्रा
खोजिरहेछु
भोज सकेर फालिएका जुठा परिकारमा
मेरो भोक मेट्ने रहर जसरी
यस समाजले बहिष्कार गरेको
जीवनमा
म खोजिरहेछु आफैँलाई अर्थात्
मेरो वर्तमान

# लुते कुकुर र तेक्वान्दो प्रशिक्षार्थी

– साम्ब ढकाल



ताज्जुब लागेर आयो कस्तो विद्रूप दृश्यसँग
एकाकार भैयो भनौं नि
एका बिहानै तेक्वान्दो सिक्दै गरेको किशोर खेलाडीसँग
लुतैलुतोले ग्रस्त एउटा कुकुर
लुटुपुटु लुटुपुटु गरेको देखेर विस्मित बनें ।
उसै त बिरामी कुकुर त्यसमाथि
एउटा तेक्वान्दो सिक्दैको किशोरसँग लाडिई रहेको थियो ।
किशोरको हातमा पाउरोटीका केही टुक्राहरू थिए
जो लुतोग्रस्त कुकुरको मुखतिर हुर्‍याई रहेको थियो
भोको कुकुर पाउरोटीको टुक्रा टिप्न उफ्रिरहेको थियो
लुतोले ग्रस्त जिउका कुनै रौं बाँकी थिएनन्
शरीरैभरि खटिरैखटिराको आलो घाउ बोकेर
किशोरको बाटो कुरी बसेको छ
(किनकि उसले केही न केही खुवाउँछ नै )
किशोर तेक्वान्दो प्रशिक्षार्थी किन बन्यो होला अज्ञात छ
अनि ऊ बेलैमा तेक्वान्दो सिक्न नगएर
किन लुतेकुकुरलाई पाउरोटी ख्वाएर सिक्ने कुरामा बिलम्ब गर्छ ?
लुतेकुकुरले कुनै दयावाल पर्खेका बेला किशोर फेला पार्छ
प्रशिक्षार्थी किशोर लुतोले ग्रस्त कुकुरमाथि खन्याउने दया
तेक्वान्दो खेलको कठोर अनुशासनसँग कहाँ मेल खाला ?
लुतेकुकुर ढीलो हुँला कि भनेर दौडँदै कुइँकिइँ आइपुग्छ
प्रशिक्षार्थीको आँखा अभ्यस्त भएर होला कुकुरै खोजी रहेको हुन्छ
दुवैको प्रशिक्षण हलको पेटीमा माया साटासाट हुन्छ
प्रशिक्षार्थी पाउरोटीका टुक्रा कुकुरतिर हुत्याउँछ
कुकुर उही मुख बाउँछ र च्याप्प समाउँछ
लुतोग्रस्त कुकुर शिथिल र कमजोरीको उसपार पुगिसकेको छ
खुट्टा लतारेरै तेक्वान्दो प्रशिक्षणशालासम्म पुग्छ
भुक्न त्यति सक्दैन, कुद्न उति सक्दैन, उफ्रन त झनै सक्दैन
प्रशिक्षणशालाको पेटी बाहेक प्रशिक्षार्थीको र कुकुर कतै भेट हुन्न ।
तेक्वान्दो सिकेर कतै गईसक्दा लुतोले ग्रस्त कुकुर मर्छ हगि ।

# मेरो प्यारो ओखलढुङ्गा

– सिद्धिचरण श्रेष्ठ



तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षःस्थलमा
यो कविको शैशवकाल बित्यो
हाँस्यो, खेल्यो, वन–कुञ्ज घुम्यो
मेरो प्यारो ओखलढुङ्गा !

जब म चढेर भावको डुङ्गा
सैर गर्छु स्मृतिको प्रिय गङ्गा
स्वप्न गगनबाट सुशीतल जल
सुख–स्मृतिको बर्सिन्छ रिमझिम
मेरो प्यारो ओखलढुङ्गा !

कुसुमाकरको आँचल पत्री
मलाई कति खोज्दी हुन् प्रकृति
मृग सावकहरू उफ्री–उफ्री
अरू लतिकाहरू हल्ली–हल्ली
मेरो प्यारो ओखलढुङ्गा !

ती अविरल परिश्रमी पतकार
द्रुतगामी निर्झर तुल्य चपल
बहँदै वनवनमा चारैतिर
खोज्दा हुन् मेरो पथको पथ
मेरो प्यारो ओखलढुङ्गा !

तामाकोसी त्यो सुनकोसी
त्यो गिरी फोरी बहने रोसी
मेरो हृदयको तिम्रो चित्र
पारिरहन्छ हरदम पवित्र
मेरो प्यारो ओखलढुङ्गा !


भाग्य लहरमा लहरी लहरी
पुगें म यस मरूस्थलमा कसरी
तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदयभरि !
मेरो प्यारो ओखलढुङ्गा !


## कुखुरामा खोप लगाउँदा विचार पुऱ्याउनु पर्ने कुराहरू :

- खोप लगाउँदा चल्ला तथा कुखुराहरू स्वस्थ हुनुपर्छ ।
- खोप तयार पार्दा चिसो पारिएको नर्मल सलाइन् (Chilled Normal Saline) वा खोपसँगै प्राप्त हुने Diluent) मा घोल्नुपर्छ र यस्तो खोप बरफ वरिपरि चिसो हुनेगरी राख्नु पर्छ । खोप डाइलुएण्ट वानर्मल सलाइन वा खाने पानीमा मिसाएको बढीमा दुई घण्टाभित्रमा प्रयोग गरि सक्नुपर्छ ।
- खोप सकेसम्म बिहानै लगाउँदा उपयुक्त हुन्छ । वातावरणको तापक्रम धेरै हुने हुँदा दिनमा खोप लगाउनु उपयुक्त हुँदैन ।
- खोप तथा खोप प्रयोग विधि पूर्ण जानकारीको लागि पशुचिकित्सक वा नजिकको भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र वा स्थानीय तहमा पशु सेवाका प्राविधिक वा सम्बन्धित विशेषज्ञसँग सम्पर्क राख्नु होला ।
- खोपदिनुभन्दा एक दिन पहिलेदेखि खोप लगाइएको २४ घण्टा पछीसम्म पानी सफा वा निमर्लीकरण गर्ने औषधीहरू प्रयोग नगर्ने ।
- साधारण तया १०० कुखुरालाई कुखुराको जात, उमेर र मौसमको अवस्थालाई समेत मध्यनजर गर्दै २ देखि ४ लिटर पानीमा खोप खुवाउन सकिन्छ ।
- पानीमा खोप खुवाउँदा चिल्लो पदार्थ निकालिएको दुध पाउडर स्कीम/मिल्क पाडर (Skimmed Milk Powder) पानीमा मिसाईंदिंदा राम्रो हुन्छ । साधारण तया १ लि. पानीमा १ चम्चादुध पाउडर राख्नु पर्दछ ।

**राष्ट्रिय खोप उत्पादन प्रयोगशाला**
त्रिपुरेश्वर काठमाडौँ

# झ्याउरे भजन



– **सन्त ज्ञानदिल दास**

गंगाको सिर्मा यो रानी भिर्मा..
फुल्फुल्यो गोग्यानी ।
नौबिसे भेडी भड्षाला परे..
भै गयो जोगिनी ।
हिराको दर्बार सुन गरिपर्वर..
भै गयो जोगिनी ॥१॥

गुरूको दया खरानीपायौ
निधारै झल्कायौ ।
देख्न र सुन्न क्यै पनि छैन..
मन मात्र पल्कायौ ॥
हिराको दर्बार सुन गरिपर्वर..
मन मात्रै पल्कायौ ॥२॥

गंगाको सरन् भेडीको चरन्..
नुन खानु कुत्तिको ।
हिर्दय चिरी ज्ञान् बताई दिने ..
को होला उत्तिको ?
हिराको दर्बार सुन गरिपर्वर..
को होला उत्तिको ? ॥३॥

फटिकको षम्बा वैरागी जम्मा..
यो रूम्जाटारैमा ।
हिर्दय चिरी ज्ञान बताई दिउँला..
सुस्मको सारैमा ॥
हिराको दर्बार सुन गरिपर्वर..
सुस्माको सारैमा ॥४॥

उकाली ज्यानको चप्लेटी ढुंगो..
फकीरको बिसाउनी ।
त्रिवेनी माथि फकीरको ताँती..
षुल्योहै निसानी ॥
हिराको दर्बार सुन गरिपर्वर..
षुल्यो है निसानी ॥५॥

जोगीको बानी धुनी र पानी..
राम्जीको चाकर ।
सतगुरूजीले लौ देषइ दिये..
मुक्ति ज्ञान सागर ॥
हिराको दर्बार सुन गरिपर्वर..
मुक्ति ज्ञान सागर ॥
हिराको दर्बार सुन गरिपर्वर..
मुक्ति ज्ञान सागर ॥६॥

धुनीका छेउछाउ टऋ्याक र टुऋुक..
जोगी ज्यान् बसेको ।
निधारै भरी फुस्रै र धुस्रै..
षरानी घसेको ॥
हिराको दर्बार सुन गरिपर्वर..
षरानी घसेको ॥७॥

यो रूम्जाटार्को कोदाको पिठो..
निर्गुनको दाऊन ।
धर्म र कर्म गुरूङ्ले गर्‍यो..
छक् पर्‍यो बाहून ॥
हिराको दर्बार सुन गरिपर्वर..
छक् परयो बाहून ॥८॥

# बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल, संयोजक



## भाग्य तपाइँको मुट्ठीमा




यो स्वेटमार्डेनद्वारा लेखिएको र दिपेन्द्र शाहद्वारा नेपालीमा अनुवाद गरिएको कृति हो । भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित यस कृतिभित्र १२ वटा लेखहरू छन् । प्रत्येक लेख आत्मविश्वास जगाउने विषयवस्तु छन् । हामी आफूले आफैलाई चिन्ह नसकेकै कारण दुख पाएका हौँ । खोजे सुख भेट्टाउन सकिन्छ तर विडम्बना खोजिरहेका छैनौँ । यही कमजोरी हाम्रो महान शत्रु हो । किन र कसरी ? प्रश्न हामीभित्र प्रवेश गर्न सकिरहेकै छैन । यही भएर दुखको सागरमा प्रवेश गर्नु परेको हो । साच्चै नबुझेको मात्र हो, भाग्य हाम्रै हातमा छ । हाम्रो साहित्यिक भण्डारमा यति राम्रो कृति तयार पार्ने  दिपेन्द्र शाहलाई मुरीमुरी धन्यवाद ।

## पौराणिक सूक्तिहरू




यस पुस्तकका लेखक बद्रीप्रसाद ढकाल हुन् । भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित यो पुस्तकमा १५ अध्याय छन् । पन्ध्र अध्यायभित्र धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधतामा परिपक्व बनेर पाकेका विविध स्वादका सूक्तिहरू टिपिएका छन् । तिनीहको आफ्नै महत्त्व र उपादेयता समेत रहेको छ । यस्ता महत्त्वूर्ण सूक्तिहरूको सङ्कलन गरी ढकालले नेपालीमा अर्थसहित प्रष्ट्याउने काम गरेका छन् । पौरस्त्य संस्कृतिमा यस खालका सूक्तिहरूको विशिष्ट महत्त्वलाई कसैले नकार्न सक्दैन । नेपाली साहित्यिक संसारमा यति राम्रो कृति तयार पारी आम पाठकका नाममा सुम्पने बद्रीप्रसाद ढकाललाई विशेष धन्यवाद ।

## लण्डन डायरी




अनुसन्धान विमर्श नेपालद्वारा प्रकाशित १५ थान नियात्राहरू समेटिएको प्रस्तुत पुस्तक नियात्रा सङ्ग्रह हो र यसका लेखक नगेन्द्रराज रेग्मी हुन् । पुस्तकको शीर्षकले नै सङ्केत गरिसकेको छ, रेग्मीले लण्डन यात्रा गरिसकेपछि यो कृतिले जन्म लिएको हो । त्यहाँका भेटघाट, आतीथ्य, घुमघाम तथा हेरेदेखे र जानेबुझेका कुरा यहाँभित्र समेटिएका छन् । नेपालको पुरानो दौत्यसम्बन्ध रहेको बेलायत सबैको नजरमा आकर्षक पनि मानिन्छ । पहिले पहिले अङ्ग्रेजी जान्ने बुझ्नेहरूलाई उच्च नजरले हेर्ने गरिन्थ्यो । लण्डनको सेरोफेराभित्र यो कृति घुमेको छ । साहित्यिक संसारमा यति राम्रो कृति उपलब्ध गराउने रेग्मीलाई विशेष धन्यवाद ।

## कागजको कुमारीत्व




यस पुस्तकका लेखक साहित्यकार त्रिविक्रम पाण्डे हुन् । भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित यो पुस्तकमा १५५ थान कविताहरू छन् । समसामयिक विषयवस्तु तथा जीवनका विविध चिन्तन र भाव समेटिएका यी कवितामा कविले जीवनको समग्र परिधि खोतल्ने काम गरेका छन् । यो क्रममा उनले पाठकहरूलाई भावनाको गहिराई र उचाई दुवै ठाउँ भ्रमण गराएका छन् । कविको यो विशिष्ट खुवी र पहिचान हो । लामो समयदेखि साहित्य सिर्जनामा लागेका पाण्डे कविका अलावा गीतकार पनि हुन् । यति राम्रो कृतिका साथ उपस्थित भएका कवि त्रिविक्रम पाण्डे र उनको कृति कागजको कुमारीत्वलाई हार्दिक बधाई ।

## सौन्दर्य र सांस्कृतिक चिन्तन




भुँडीपुराण प्रकाशन बागबजार काठमाडौँद्वारा प्रकाशित यो पुस्तकका लेखक ईश्वरचन्द्र ज्ञवाली हुन् । यस पुस्तकभित्र विविध विचार, विश्वास, परिवेश र चिन्तनधारा समेटेर लेखेका २० थान लेखहरू समावेश छन् । हामी सकारात्मक विविधता, मानवताको कल्याण र जीवनको अस्तित्वमा विश्वास गर्छौं । हाम्रो समाज पनि यही गतिका साथ हिजोदेखि आजसम्म अगाडि बढिरहेको छ । लेखक ज्ञवालीले समाज, साहित्य, संस्कृति, राष्टियता, धर्म, सौन्दर्य लगायतका विषय समेटेर लेखेको यो पुस्तक अत्यन्तै पठनीय र सङ्ग्रहणीय छ । नेपाली साहित्य संसारमा यति राम्रो कृति तयार पारेर पाठकका नाममा सुम्पने ज्ञवालीलाई विशेष धन्यवाद ।

## विचारधारात्मक सङ्घर्ष





यस पुस्तकका लेखक इन्द्रमोहन सिग्देल हुन् । भुँडीपुराण प्रकाशन बागबजारद्वारा प्रकाशित यो पुस्तकमा विचार, राजनीति, अर्थराजनीति, राष्ट्रिय स्वाधीनता, सङ्गठन, अर्न्तराष्ट्रिय र विविध समेत गरी विभिन्न सात मूल विषयमा सग्दिेलले समय समयमा लेखेका लेखहरू समावेश छन् । माथि उल्लेख गरिएका सात विषयलाई आधार बनाएर सिग्देलले धेरै शीर्षकमा थप लेखहरू लेखेका छन् । संसारका कोही पनि विचारधाराबाट टाढा हुँदैनन् । यी लेख लेखकका आफ्ना नीजि विचार हुन् । अध्येताहरूका लागि यी अत्यन्तै महत्त्वपूर्ण सामग्री हुन सक्छन् । नेपाली साहित्यिक भण्डारमा यति राम्रो कृति थपिदिने स्रष्टा सिग्देललाई मुरीमुरी धन्यवाद ।

## चिकित्साका चौध तारा




यस पुस्तकका लेखक राजेश खनाल हुन् । रत्नपुस्तक भण्डार बागबजारद्वारा प्रकाशित यो पुस्तकको नाम चिकित्साका चौध तारा भए पनि यहाँ नेपाली चिकित्सा क्षेत्रका १६ विशिष्ट कर्मयोगीहरूबारे अत्यन्तै महत्त्वपूर्ण जानकारी छ । हामी वर्तमानमा बाँचिरहेका छौँ तर विगतबारे खासै जान्दैनौँ वा कतिपय त जानकारी राख्नु आवश्यक पनि ठान्दैनौँ । तर वर्तमान जन्माउन विगतको ठुलाने भूमिका हुन्छ । यस पुस्तकले पनि नेपाली चिकित्सा क्षेत्रको विगत मात्र देखाएको छैन, अग्रज ती १६ जना कर्मयोगीहरूको कर्मले वर्तमान जन्माएको यथार्थ पनि औँल्याएको छ । यति राम्रो कृति तयार पारेर वर्तमानलाई सुम्पने खनाललाई विशेष धन्यवाद ।

## विश्वका चर्चित व्यक्तिहरू




भुँडीपुराण प्रकाशन बागबजार काठमाडौँद्वाराप्रकाशित यो पुस्तकका लेखक मधुसूदन पाण्डेय हुन् । यो पुस्तकमा विश्वका विभिन्न देशकाराजनीति, विज्ञान, साहित्य, कला, दर्शन, खेल, गायन, चिकित्सा, सुरक्षा, शान्ति, उद्योग, अर्थ, आविष्कार, विचार, समाजसेवा आदि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ५६६ व्यक्तिहरूको परिचय छ । एउटा पुस्तकमा संसारका ५६६ जना व्यक्तिहरूको परिचय एकसाथ पढ्न पाउनु सामान्य कुरा पटक्कै होइन । बजारमा त्यस्तो किताब उपलब्ध पनि थिएन ।नेपाली पाठकका लागि यो महत्त्वपूर्ण उपलब्धि हो । पाठकहरूका नाममा लागि यति राम्रो कृति तयार पार्नु भएकामा लेखक पाण्डेयलाई मुरीमुरी धन्यवाद ।

# अतिथि सम्पादकको कलमबाट



● गगनदीप सर्व

कविता साहित्यको एउटा महत्त्वपूर्ण विधा हो । यसमा जीवन जगतको विविध अनुभव र अनुभूति रङ्गिएको हुन्छ । पूर्वीय साहित्यमा अग्निपुराणदेखि कविताले स्थान पाउँदै आएको अभिलेख ठाउँ ठाउँमा उपलब्ध छ । हामी आधुनिक नेपाली कवितामा युगचेत र विश्वबोधको झल्को पाउँछौँ । नेपाली कविता वीरधाराबाट आरम्भ भएको हो । त्यो नेपाल एकीकरणको समय थियो । पछि भक्तिधारा हुँदै श्रृङ्गारिक धारा पार गरेर आधुनिककालमा प्रवेश गरेको हो ।

कविता सम्बन्धी विभिन्न अभियान र आन्दोलनले नेपाली जनमानसमा राजनीतिक सचेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेलेको सबैसामु जगजाहेर छ । हिजोआज देशबाट अध्ययन तथा रोजगारीका निम्ति विदेशीने नेपालीहरू थुप्रै छन् । यो परिवेशमा सिर्जनाको डायस्पोरिकलगायत अन्य बहुलचिन्तनले नेपाली कविता अझ गतिशील बनिरहेको छ । प्राविधिक विकासका कारण प्रचारप्रसारमा कसैको मुख ताकिरहनु पर्दैन । यही कारण सिर्जनालाई विश्वव्यापीकरण गर्न सरल र सहज भएको छ । संसारमा के कस्ता साहित्यिक अभियान चलिरहेका छन् ? जानकारी तत्काल पाउन सकिने अवस्था छ । विश्वमा देखिएका विभिन्न प्रतिक्रियाले आफ्ना धारणा बनाउन सकारात्मक रूपमा ढोका उघारिदिएको छ । यिनै सिर्जनात्मक कर्मले हामीले गर्दा पछाडि फर्केर हेर्नु परेको छैन । यसले प्रत्येक सर्जकालाई होस्टेमा हैँसे गर्न बल प्रदान गरेको छ ।

आज एआई मानवीय मस्तिष्कसित दह्रो प्रतिस्पर्धामा उत्रेको छ । यसको चुनौतीले मानवीय सिर्जना सङ्कटमा पर्दै जानथालेको आभास धेरैले गर्न लागिसकेका छन् । यो प्रभाव दीर्घकालसम्म रहिरहने हो भने मानव मस्तिष्क मृत्युको घोषणा गर्ने दिन धेरै टाढा नरहेको अधिकांश विज्ञहरूको बुझाइ छ । मसीजीवीहरूका कलम कतै भुत्ते हुने त हैनन् ? प्रश्न उठिरहेका छन् । अनि बेलैमा समाधान खोजिए वा नभए भोलि कस्तो परिणाम निस्कने हो ? त्यो परिघटना अकल्पनीय छ । समकालीन नेपाली कविता चिन्तन प्रधान हुँदै डायस्पोरिकतामा समेत प्रवेश गरिसकेको अवस्था छ । नेपाली कवितामा उत्तरआधुनिकवादको नयाँ परिवेश र सन्दर्भको उच्च परिधि देखिन थालेको छ । निश्चय नै ती कवितामा वर्गीय, स्थानीय र जातीय

मिथकका प्रयोगले परम्परागत धारणालाई मोड्न खोजीरहेका छन् । कविता साहित्यको अति प्राचीन विधा भएका कारण विभिन्न स्रष्टा तथा दष्टाहरूले आआफ्नै तरिकाले परिभाषित गरेका छन् । जसले जसरी परिभाषित गरेपनि समग्रमा मानवीय अनुभव र अनुभूतिलाई केन्द्रमानै राखिएको पाइन्छ । अहँ, त्यो भन्दाबाहिर जान सकेको देखिँदैन । समकालीन नेपाली कविता लामो समय र परिस्थिति पार गर्दै एउटा गन्तव्य समाएर अगाडि बढिरहेको छ । कवितामा आजका मानिसका आवाज, विचार र विश्वास प्रतिविम्बित छन् । अर्थात् आजका कविताले मान्छेका आवाजलाई बुलन्द पार्ने भरमग्दुर प्रयास गरिरहेका छन् ।

नवप्रज्ञापन विगत ३२ वर्ष अघिदेखि बारा जिल्लाबाट राष्ट्रिय रूपमा निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो । शतक अङ्कपछिका यसका हरेक अङ्क विशेष अङ्कका रूपमा प्रकाशित भइरहेका छन् । त्यो श्रृङ्खलाको यो सातौँ भाग हो । त्यही मेसोमा यो अङ्क कविता विशेष पहलो भागका रूपमा प्रकाशित भएको हो । भविष्यमा यसका पनि क्रमशः अन्य भाग प्रकाशित गर्दै जाने सोच छ । नेपाली भाषामा कविको परिचय बनाउनु भएका स्रष्टाहरू हजारौँको सङ्ख्यामा हुनुहुन्छ । नवप्रज्ञापन व्यक्तिगत प्रयासमा प्रकाशित हुँदै आएको सानो पत्रिका हो । यसर्थ सबै कविहरूलाई एउटै अङ्कमा समेट्न सकिएन । तसर्थ यस अङ्कलाई कविता विशेष पहिलो भाग नामकरण गरिएको हो ।

विगत र वर्तमानको फ्युजनले अगाडिको गोरेटो बनाउन सहज हुने ठानी केही पुराना रचना पनि समावेश गरिएका छन् । इतिहास तिरस्कार गरेर वर्तमानमा रमाउन नसकिने नवप्रज्ञापनको स्थापना कालदेखिकै घोषणा हो । यही अभिमतका साथ यो अगाडि बढिरहेछ । यसमा सहमत भएर म पनि लगभग आरम्भ कालदेखिनै सँगसँगै हिंडिरहेछु । यसको हिंडाइमा मेरो पनि साथ सहयोग रहेको छ । खास गरेर विगत र वर्तमान जोड्नु नवप्रज्ञापनको अभीष्ट हो । यही अभीष्ट पूर्तिका लागि यसले काम गरिरहेको छ र सम्भव भएसम्म भविष्यमा पनि गरिरहने छ ।

अन्त्यमा आइपुगेको छु । यस अङ्कमा....कविहरू समेटिनु भएको छ । हाम्रो आग्रहलाई सहर्ष स्वीकार गरी आआफ्ना अति महत्त्वपूर्ण रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा म स्वयं र नवप्रज्ञापनको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यहाँहरूको माया ममता र सद्भावकै कारण निरन्तर अगाडि बढिरहेका हौँ । भविष्यमा पनि यहाँहरूबाट यही कुरा प्राप्त हुने अपेक्षा राख्दछौँ । यो अङ्क सम्पादनको अभिभारा मेरो काँधमा सुम्पने नवप्रज्ञापन परिवारप्रति आभार व्यक्त गर्दै अहिलेलाई विदा चाहन्छु ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग विभाग**
**औद्योगिक सम्पत्ति शाखा**

# सूचना

विभिन्न औद्योगिक उत्पादन तथा सेवामा ट्रेडमार्क प्रयोग गर्ने गरी आवेदन दिई विभागमा दर्ता भै दर्ता प्रमाणपत्र लिएका ट्रेडमार्कहरूको (प्रयोगको) सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ । कुनै उत्पादन वा सेवामा प्रयोग गर्ने उद्देश्यले कुनै ट्रेडमार्कको आवेदन दर्ता भै पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ ग बमोजिम दर्ता प्रमाण पत्र जारी भएको मितिले १ वर्ष सम्ममा दर्ता भएका ट्रेडमार्क प्रयोगमा नल्याएमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्क दर्ता खारेज गर्न सक्ने सोही ऐनमा व्यवस्था भएको सबैमा अवगत नै छ । अतः विभागमा दर्ता भै प्रमाण पत्र लिनु भएका सबै ट्रेडमार्क धनी उद्योगी व्यवसायीहरूले आफूले लिएको ट्रेडमार्क प्रयोग भए नभएको स्पष्ट प्रमाण सहित तोकिएको म्यादभित्र विभागको औद्योगिक सम्पत्ति शाखामा जानकारी गराउनु हुन सूचित गरिन्छ । ऐनले तोकिएको अवधिभित्रमा प्रयोग भएको जानकारी विभागमा नगराएमा कानुन बमोजिम कारवाहीको प्रक्रियामा जाने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाबाट जानकारी गराइन्छ ।

# चन्द्रागिरि नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, बलम्बु, काठमाडौँ**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

मिनभवन, काठमाडौँ

## सर्वसाधारणको जानकारीको लागि गरिएको सार्वजनिक सूचना

१. नेपालको नक्सा प्रकाशन गर्न नापी विभागबाट तयार गरिएको आधिकारिक नक्सा मात्र प्रयोग गर्नुपर्दछ । यो नक्सा नापी विभागको वेभसाइट www.dog.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

२. नेपालको प्रशासनिक सिमाना (वडा सम्म) को डाटा निःशुल्क रूपमा उपलब्ध छ । यो डाटा यस विभागको भौगोलिक सूचना पूर्वाधार महाशाखाको वेभसाइट www.ngiid.gov.np बाट Download समेत गर्न सकिन्छ ।

३. नापी विभागमा विभिन्न प्रकारका नक्सा तथा भौगोलिक सूचनाहरू उपलब्ध छन् । आफ्नो आवश्यकता अनुसार नक्सा तथा भौगोलिक सूचनाको लागि नापी विभागमा सम्पर्क राख्न सक्नुहुनेछ । फोनबाट जानकरी लिन चाहनु भएमा नापी विभागको फोन नं. ०१-४६२२७१३, ०१-४६२२३३८, ०१-४६२००९२ मा सम्पर्क गरेर नक्सा डाटाको बारेमा जानकरी लिन सक्नुहुनेछ ।

४. घर जग्गा खरिद गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्दछ ।
   - जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर सो कित्ता जग्गा निजको हक भोगमा छ छैन प्रष्ट हुनुपर्ने ।
   - उक्त कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठीक भए नभएको एकिन गर्ने ।
   - कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए नभएको बारेमा आफू प्रष्ट हुने ।
   - जग्गा र नक्सामा प्रष्टहरूमा बाटो छ छैन राम्ररी बुझ्ने ।
   - जग्गामा रहेको हकभोगको आकार प्रकार मिल्छ मिल्दैन एकिन गर्ने ।
   - जग्गा रैकर वा गुठी के हो प्रष्ट हुने ।
   - उक्त जग्गामा मोही भए नभएको फिल्डमा हेरी प्रष्ट हुने ।
   - लालपूर्जा जमीन र नक्साको क्षेत्रफल मिल्छ मिल्दैन एकिन गर्ने ।
   - उक्त कित्ताको चारैतर्फको सीमानामा विवाद भए नभएको जमिनमा नै गई साँध सँधियारहरूबाट बुझ्ने ।
   - नक्सा बमोजिम जमनिमा चारैतर्फ सिमाना एकिन गर्न रेखाङ्कन गराउने ।

५. नापी विभागसँग सम्बन्धित अन्य थप जानकारी आवश्यक भएमा यस विभागका सूचना अधिकारीको टेलिफोन नम्बर ०१-४६२०७३३ मा फोन गरी जानकारी लिन सक्नुहुनेछ ।

---

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहचल, काठमाडौँ

फोन नं ०१-४४९८०१३, ४४९८०१४

वेवसाईट www.aepc.gov.np, ईमेल info@aepc.gov.np

## अनुरोध

**लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, सुधारिएको चुलो, वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु प्रयोग गरौं ।**

**वन जंगल जोगाऔं,वातावरण संरक्षणमा सहयोग गरौं ।**

**उक्त प्रविधिमा नेपाल सरकारले तोकेको मापदण्डको आधारमा अनुदान दिने हुँदा उक्त प्रविधि आफ्नो घर तथा समुदायमा जडान गरी फाइदा लिऔं ।**


# प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानुनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**




# रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, झुम्का, सुनसरी

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।

# जीतपुर-सिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

## नगरवासी महानुभावहरुमा अनुरोध

- हाम्रो जीतपुर-सिमरा र राम्रो जीतपुर-सिमराका लागि आफूले सकेको योगदान गरौँ
- तपाईँ हामी बस्ने सफा सुग्घर र शान्त हाम्रो उपमहानगर, राम्रो उपमहानगर
- हामीले हाम्रो उपमहानगर राम्रो बनाउन सके मात्र हामी राम्रो हुनसक्छौँ
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं । अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं ।
- वनको संरक्षण गरौं । खाली पर्ति जमीनमा वृक्षा । रोपण गरौं । वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं । प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं । जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं । आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔं ।